# आ.व. २०७०/७१




**समग्र जिल्लास्तर कृषि विकासका कार्यक्रमहरुमा आर्थिक समावेशीकरण प्रतिशत आ.व. २०७०/७१**

# लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति प्रतिवेदन




**समग्र जिल्लास्तर कृषि विकासका कार्यक्रमहरुमा समाजिक समावेशीकरण प्रतिशत आ.व. २०७०/७१**




**समग्र जिल्लास्तर कृषि विकास कार्यक्रमहरुमा महिला सहभागिता प्रतिशत आ.व. २०७०/७१**

कृषि विकास मन्त्रालय
खाद्य सुरक्षा तथा वातावरण महाशाखा
लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा
२०७२, आषाढ

# लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति प्रतिवेदन

# आ.व. २०७०/७१

कृषि विकास मन्त्रालय

खाद्य सुरक्षा तथा वातावरण महाशाखा

लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा

**२०७२, आषाढ**

# मन्तव्य

ग्रामिण क्षेत्रमा बसोबास गर्ने महिला कृषकहरु कृषि उत्पादनको क्षेत्रमा प्रमूख भूमिका निर्वाह गर्दै ग्रामिण अर्थतन्त्र तथा प्राकृतिक स्रोत र सम्पदासंग प्रत्यक्ष सरोकार राख्दछन् भने नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि उत्पादनमा श्रम शक्तिको बाहुल्यता रहेको छ। कूल उत्पादन लागतको ५० देखि ६० प्रतिशत सम्म कृषक श्रमको अंश रहेको र प्राय जसो सबै क्रियाकलापमा श्रमको अंशमा ४० देखि ७५ प्रतिशत सम्म महिला श्रमको योगदान रहेको पाईएको छ। नेपालको विकासमा महिलाहरुको सक्रिय सहभागिता गराउन पर्ने वारेमा छैंठौं आवधिक योजना (१९८०-८५) देखि संबोधन हुन थालेको हो। बिगतको दशक देखि नै नेपालका योजनाबद्ध विकासले लैङ्गिक विषयलाई सम्बोधन गर्दै आएको हो भने सामाजिक समावेशीकरण विकासको मूल प्रवाहीकरणमा भर्खरै मात्र प्रवेश गरेको विषय हो।

दशौं पञ्च वर्षीय योजना (२००२-२००७) र त्यस पछाडीका त्रिवर्षीय अन्तरिम योजनाहरु, अन्तरिम संविधान, २०६३ ले सामाजिक समावेशीकरण र सिमान्तकृत एवं बञ्चितिकरणमा परि पिछडिएका समुदायहरुलाई विकासका कार्यमा समेट्ने अवधारणा अनुसार नेपाल सरकार र विकास कार्यसंग सम्बन्धित साझेदारहरुले पनि आफ्नो क्षेत्रगत कार्यक्रमहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्राथमिकता दिई मूल प्रवाहमा ल्याउन प्रयाशरत रहेको परिप्रेक्षमा कृषि विकासका समग्र कार्यक्रमहरुमा लैङ्गिक मूलप्रवाहिकरणको साथै समावेशीकरण गर्ने उद्देश्य प्राप्तिका लागि संरचना गरिएको लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखावाट कृषि विकासमा लैङ्गिक तथा समावेशीका आधार सूचना तथा तथ्याँकहरु संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने उद्देश्य अनुरुप आर्थिक वर्ष २०७०/०७१को जिल्लास्थित समग्र कृषि विकासका कार्यक्रमहरुमा लाभान्वित कृषकहरुको लैंङ्गिक,

सामाजिक र आर्थिक समावेशीकरणको अवस्थावारे क्षेत्रिय कृषि निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालयहरुवाट प्राप्त विवरणहरुका आधारमा यो पुस्तिका प्रकाशन गरिएको छ ।

यस पुस्तिकाले कृषि विकासका समग्र कार्यक्रमहरुमा सिमान्तकृत तथा बञ्चितिकरणमा परेका समुदायहरुको उत्थानका लागि आयमूलक कृषि सम्बन्धी कार्यक्रममा पहुँचको अवस्था र कृषि विकासमा लैङ्गिक तथा समावेशीको तथ्याङ्कहरु मन्त्रालय अन्तरगतका निकायहरु, अन्य सरोकारवाला निकायहरु र विद्यार्थी एवं पाठक वर्गमा उपयोगी सिद्ध हुनेछ र आगामि वर्षहरुमा यस प्रकाशनले निरन्तरता पाउनेछ भन्नेमा विश्वस्त छु । अन्तमा यस पुस्तिका तयार गर्न नेतृत्व गर्नु हुने खाद्य सुरक्षा तथा वातावरण महाशाखाका सह-सचिवज्यू र तथ्याङ्क संकलन, सम्पादन तथा विश्लेषण गरी पुस्तिका प्रकाशन गर्ने कार्य सम्पन्न गर्ने लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखालाई धन्यवाद दिन चाहन्छु ।

**उत्तम कुमार भट्टराई**
सचिव
कृषि विकास मन्त्रालय, सिंहदरवार ।

# दुई शब्द

बिकासमा महिलाको भूमिकालाई पूर्ण अंगिकार गरी कृषि विकास कार्यक्रमहरु महिला कृषकहरुको सहभागितालाई मूलप्रवाहीकरणका लागि आवश्यक नीतिगत दस्तावेजहरु तयार गर्न आ.व. २०४९/५०मा तत्कालिन कृषि तथा सहकारी मन्त्रालयमा महिला कृषक विकास महाशाखाको स्थापना भई संस्थागत संरचनाको शुरुआत भएको हो । यस महाशाखाले स्थापना पश्चात राष्ट्रिय योजना आयोगसंगको समन्वयमा महिला कृषकको विकासको लागि नीति निर्माण गर्ने प्रकृयाको थालनी गरेको हो । कृषि विकासका लागि तर्जुमा भई कार्यान्वयन गरिने सम्पूर्ण कार्यक्रमको मूलप्रवाहमा महिला कृषकहरुलाई श्रम योगदानका आधारवाट समाहित गराई कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि ल्याउन २०६१ को नयाँ संरचना अनुसार लैङ्गिक समता तथा वातावरण महाशाखाको संरचना गरियो । लैङ्गिक मूल प्रवाहीकरणको तथ्याङ्कहरु अभिलेखीकरण र अद्याबधिक गरी तथ्याङ्क प्रणालीमा लैङ्गिक विभेदी जानकारीहरु प्रवाह गराउन यस महाशाखाले महत्वपूर्ण भूमिका खेलेको थियो । विकासको मूल प्रवाहीकरणमा सामाजिक समावेशीकरण भर्खरै मात्र प्रवेश गरेको विषय भएको र कृषि विकास मन्त्रालयवाट लैङ्गिक र सामाजिक समावेशीकरणका मुद्दाहरुलाई कृषि विकासका कार्यक्रमहरुमा मूल प्रवाहीकरण गरी  लैङ्गिक, सामाजिक र आर्थिक रुपमा पिछडिएका वर्गको सहभागितालाई सुनिश्चत गरी ती वर्गहरुसम्म फाइदा पुगोस् र उनीहरुको जिविकोपार्जनमा कृषि विकासका कार्यक्रमहरुवाट सहयोग मिलोस् भन्ने उद्देश्यले खाद्य सुरक्षा तथा वातावरण महाशाखा अन्तरगत रहनेगरी लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना भएको छ । लैङ्गिक मूल प्रवाहीकरण र समावेशीकरणका सिद्धान्तलाई मन्त्रालय र अन्तरगतका निकाय र आयोजनाहरुवाट सञ्चालन हुने कृषि कार्यक्रमहरुसंग संस्थागत गरी कृषि विकासमा लैङ्गिक तथा समावेशीका आधार सूचना तथा तथ्याङ्कहरु संकलन, अभिलेखीकरण तथा अद्यावधिक गराउन वर्तमान स्थितिलाई अभिलेखीकरण गरी  सोको अवस्था जानकारीका साथै सोही अनुरुपका

कृयाकलापहरु कार्यान्वयनका लागि पहल  गराउने उद्देश्य अनुसार आ.व. २०७०/७१ को लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति पुस्तिका प्रकाशन गरिएको हो ।

प्रकाशनलाई  आवश्यक पर्ने विभिन्न जानकारी एवं विवरणहरु उपलब्ध गराई सहयोग गर्नु हुने कृषि विकास मन्त्रालय मातहतका सवै विभागहरु, क्षेत्रीय कृषि/पशुसेवा निर्देशनालयहरु, आयोजनाहरु र जिल्लास्थित कार्यालयका सम्पूर्ण सम्बन्धित कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । यस किसिमका अभिलेखीकरणलाई तथ्यपरक एवं विश्लेषणात्मक तुल्याउन यस वर्ष समेट्न नसिकएका महत्वपूर्ण विषय र विवरणहरु समेत समेटी आगामी वर्षहरुमा प्रकाशन प्रकृयाले निरन्तरता पाउने छ भन्ने अपेक्षा राखेको छु । यस पुस्तिका लैङ्गिक समता तथा सामाजिक समावेशीकरणसंग सरोकार राख्ने सम्पूर्ण निकायहरुलाई उपयोगी सिद्ध हुनेछ भन्ने आशा गर्दै अन्तमा पुस्तिका प्रकाशनका लागि प्रयाशरत रही आवश्यक विवरण एवं तथ्याङ्कहरु सङ्कलन, सम्पादन, विश्लेषण र लेखन कार्य सम्पन्न गरी पुस्तिका प्रकाशन गर्ने कार्यमा संलग्न लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखाका शाखा प्रमूख, बरिष्ठ कृषि अधिकृत, श्रीमती विद्या पाण्डेलाई धन्यवाद दिन चाहन्छु । क्षेत्रीय निर्देशनालयहरु, आयोजनाहरु र जिल्लास्थित कार्यालयहरुवाट आवश्यक विवरणहरु प्राप्त गर्ने कार्यमा टेलिफोन, फ्याक्स मार्फत ताकेता गरी सघाउने कार्यालय सहयोगी सुश्री गंगा खड्कालाई कदर गर्दछु ।

**उदय चन्द्र ठाकुर**
सह-सचिव
खाद्य सुरक्षा तथा वातावरण महाशाखा
कृषि विकास मन्त्रालय, सिंहदरवार ।

# विषय सूची पृष्ठ


मन्तब्य

दुई शब्द

**पृष्ठभूमि** १

महिला र विकास १

कृषि क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण १

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा ४

कृषि क्षेत्रमा लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणको अवधारणा र संस्थागत विकास ५

**लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि नीतिगत प्रावधानहरु** ७

राष्ट्रिय कृषि नीति, २०६१ ७

कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ ८

कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन, २०७१) ८

लैङ्गिक मूलप्रवाहीकरण रणनीति, २०६३ ९

कृषि विकास रणनीति, २०७१ (मस्यौदा) ९

महिला कृषक लक्षित कार्यक्रम  कार्यविधि, २०७१ ११

**कृषि विकासका कृयाकलापहरुमा लैङ्गिक एवं सामाजिक समावेशीकरण मूल प्रवाहीकरण स्थिति** १२

कृषि विकास कार्यक्रमहरु र लैङ्गिक उत्तरदायी बजेट १३

**आ.व. २०७०/७१ मा क्षेत्रीय कृषि निर्देशनालय अन्तरगतका जिल्लाहरुबाट सञ्चालित कार्यक्रमहरु** १४

लाभान्वित कृषकहरुको क्षेत्रगत संलग्नता १४

लाभान्वित कृषकहरुको लैङ्गिक सहभागिता १५

लाभान्वित कृषकहरुको सामाजिक र आर्थिक समावेशीकरण १७

**जिल्लास्थित कृषि कार्यक्रमहरु र लैङ्गिक सहभागिता** १९

कृषि प्रसार कार्यक्रम १९

आलु तरकारी तथा मसला विकास कार्यक्रम २१
बागवानी विकास कार्यक्रम २१
युवा लक्षित कार्यक्रम २२
कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रम २३
बाली विकास कार्यक्रम २४
मत्स्य विकास कार्यक्रम २५
समग्र जिल्लास्तर कृषि विकास कार्यक्रमहरु २६
**कृषि विकास मन्त्रालय अन्तरगत सञ्चालनमा रहेका आयोजनाहरुमा लैङ्गिक, सामाजिक र आर्थिक समावेशीकरण** २७
**पशुसेवा कार्यक्रमहरु र लैङ्गिक सहभागिता** ३०
**क्षेत्रीय पशुसेवा निर्देशनालय सुदुर पश्चिमाञ्चल क्षेत्रको आ.व. २०७०/७१को जिल्लास्तरमा सञ्चालित पशुसेवा प्रसार कार्यक्रमहरु** ३०
पशु स्वास्थ्य कार्यक्रम ३०
सामुदायिक पशु विकास कार्यक्रम ३१
कबुलियति वन तथा पशु विकास कार्यक्रम ३१
**क्षेत्रीय पशुसेवा निर्देशनालय पश्चिमाञ्चल क्षेत्रको आ.व. २०७०/७१को जिल्लास्तरमा सञ्चालित पशु सेवा कार्यक्रमहरु** ३२
**खाद्य प्रविधिका कृयाकलापहरु र लैङ्गिक सहभागिता** ३६
**३४औं विश्व खाद्य दिवस, २०७१** ३७
३४औं विश्व खाद्य दिवसमा राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत महिला कृषक/कृषक समूहहरु ३८
महिला कृषक समूह/समितिहरुलाई मात्र लक्षित प्रतियोगिताहरु ३८
समग्र कृषक / कृषक समूह / सहकारी / समिति / संघ / संस्था / कम्पनी तर्फको प्रतियोगिताहरु ४०
**विश्लेषणात्मक निष्कर्ष** ४४
**सन्दर्भ सामग्रीहरु** ४९
**अनुसूचीहरु** ५३

# लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७०/७१

## पृष्ठभूमि

### महिला र विकास

नेपालको परिप्रक्षमा विकासमा महिलाहरुको सकृय सहभागिताको विषयमा छैठौं आवधिक योजना (१९८०-८५) वाट शुरु भएको पाइन्छ। यस आवधिक योजनाले विकास आयोजना तर्जुमामा महिलालाई समावेश गरिनु पर्ने सोचाई राखि महिला कृषकको लागि कृषि कार्यक्रममा जोड दिई महिला सहभागिता बढाउन प्रोत्साहन गरेको थियो । सातौं योजना (१९८५-९०) मा महिला सहभागिताको कोटा तोकी कृषकहरुको तालिम कार्यक्रममा महिला सहभागिता १० प्रतिशत हुनु पर्ने भनी तय गरिएको थियो। आठौं योजना (१९९२-९७) ले कृषि विकास कायर्क्रम अन्तरगत प्रविधि विस्तार, तालिम, ऋण, कृषक समूह गठन आदि क्षेत्रमा महिला सहभागिता बढाउन विभिन्न कार्यक्रमहरु समावेश गरेर कृषि विकास कार्यक्रममा महिला कृषकहरुको योगदानलाई महत्व दिई संस्थागत संरचनाको सोच ल्याएको पाइन्छ। साथै यसै अबधिमा बिकासमा महिलाको भूमिकालाई पूर्ण अंगिकार गरी बिकासका प्रत्येक हाँगाहरु जस्तै कृषि, उद्योग, वन क्षेत्रमा महिलाको सहभागितालाई प्रोत्साहन गरी नीति निर्माण तहमा महिला सहभागिताको सुनिश्चिततामा जोड दिएको देखिन्छ।

### कृषि क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण

ग्रामिण क्षेत्रमा बसोबास गर्ने महिला वर्गहरु कृषि उत्पादनको क्षेत्रमा प्रमूख भूमिका निर्वाह गर्दै स्थानीय अर्थतन्त्रको मेरुदण्ड तथा प्राकृतिक स्रोत र सम्पदासंग प्रत्यक्ष सरोकार राख्ने प्रमूख वर्गहरुको रुपमा परिचित छन् भने नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि उत्पादनमा श्रम शक्तिको

बाहुल्यता रहेको छ। कूल उत्पादन लागतको ४० देखि ७५ प्रतिशत सम्म कृषक श्रमको अंश रहेको र प्राय जसो सबै क्रियाकलापमा श्रमको अंशमा ५५ देखि ७५ प्रतिशत सम्म महिला श्रमको योगदान रहेको पाईन्छ। बिकासमा महिलाको भूमिकालाई पूर्ण अंगिकार गरी बिकासका प्रत्येक हाँगाहरु जस्तै कृषि, उद्योग, वन क्षेत्रमा महिलाको सहभागितालाई प्रोत्साहन गरी नीति निर्माण गर्न जोड दिए अनुसार कृषि विकास कार्यक्रमहरुलाई मूलप्रवाहीकरण गर्ने उद्देश्य अनुरुप आवश्यक नीतिगत दस्तावेजहरु तयार गर्न आ.व. २०४९/५०मा तत्कालिन कृषि तथा सहकारी मन्त्रालयमा महिला कृषक विकास महाशाखाको स्थापना भई संस्थागत संरचनाको शुरुआत भयो । यस महाशाखाले स्थापना पश्चात राष्ट्रिय योजना आयोगसंगको समन्वयमा महिला कृषकको विकासको लागि नीति निर्माण गर्ने प्रकृयाको थालनी भयो ।

महाशाखाको अल्पकालिन उद्येश्य अन्तरगत विशेष कार्यक्रमहरु सञ्चालनमा जोड दिंदै महिलाहरुका लागि उपयुक्त कार्यक्रमहरु पहिचान गरी कार्यक्रम सञ्चालन गराइएको थियो। यसका अलावा महिला कृषकहरुको आय आर्जन बढाउने कार्यक्रम सञ्चालन गरी उनीहरुलाई उद्यमीको रुपमा विकसित गर्ने उद्येश्य समेत राखिएको थियो। आयआर्जन बढाउने कार्यक्रम अन्तरगत पहिचान गरिएका तरकारी खेती, मौरी पालन, साना पशुपालन आदि विषयगत वस्तुहरु मन्त्रालय अन्तरगतका जिल्लास्तर सम्मका निकायहरुले महिला/महिला पुरुष मिश्रित कृषक समूह गठन गरी समूह मार्फत कार्यक्रमहरु सञ्चालन गरिएको थियो र यस्ता कार्यक्रमहरुलाई हाल सम्म पनि निरन्तरता दिइरहेको छ।

यस महाशाखाको स्थापना पश्चात Five Years Strategic Plan for Women Farmers Development of Nepal (1994-1999) तयार गरीएको थियो । यस रणनीतिक योजना अनुरुप खाद्यान्न बाली, बागवानी, बाख्रा पालन, कुखुरा पालन, खरायो पालन आदि उत्पादन कार्यक्रममा महिला कृषकहरुलाई अग्रसर बनाउने रणनीति लिइएको थियो। यसका अलाबा पोषण तथा खाद्य प्रशोधन र महिला उद्यमी विकास तर्फ पनि कार्यक्रमहरुको प्रस्ताव गरिएको थियो ।

दिर्घकालिन कृषि योजनाले द्रुततर आर्थिक विकासका लागि कृषि क्षेत्रलाई अग्रणी क्षेत्रको रुपमा परिभाषित गर्दै गरिवि निवारण, वातावरण संरक्षण सम्बर्द्धन र महिलाहरुको विद्यमान अवस्थाको सुधार गर्ने जस्ता उद्देश्यहरु लिई कृषि विकासको क्रममा सम्भाव्य सबै क्षेत्रमा लैङ्गिक सवाललाई समावेश गर्ने विषयमा जोड दिएको पाइन्छ । नवौं योजना (१९९८-२००२) मा तीनवटा मूल उद्देश्य शसक्तीकरण, समानता तथा मूल प्रवाहीकरण राखिएकोले लैङ्गिक मूल प्रवाहीकरणको मार्ग प्रसस्त भयो । यस योजनाले महिला र पुरुष दुवैको पारिवारिक लगायत अन्य विषयहरुमा बराबरीको निर्णयात्मक भूमिका हुन सक्ने वातावरण सीर्जना गर्ने दिर्घकालिन सोचका आधारमा कृषि उत्पादन साथै उत्पादनोपरान्तका कार्यक्रमहरुमा समेत बहुसंख्यक महिला कृषकहरुको सहभागिता बढाउन सामग्री, उन्नत प्रविधि, तालिम, प्राविधक सेवा टेवामा पहुँचको व्यवस्था गरेको थियो । दशौं योजना (२००२-२००७) ले नवौं योजनाको मूलभूत विषयलाई समेट्ने सम्बन्धि निर्देश गरेको पाइन्छ । आठौं योजना देखि निरन्तर रुपमा कृषि कार्यक्रममा लैङ्गिक मूल प्रवाहीकरणका लागि कार्यहरु गर्दै आएको र हाल प्रत्येक जिल्ला कृषि विकास कार्यालय र पशुसेवा कार्यालयहरुका कार्यक्रमहरु समूह पद्धति अनुसार सञ्चालित छन् । कृषि विकासका कार्यक्रमहरु वास्तवमा कृषकहरुलाई नै लक्षित गरी तर्जुमा गरिएका हुन्छन् र तीनै कृषक पुरुष र महिला मिलेर बनेका समुदाय हुन् । नेपालको कृषि प्रणालीमा महिला कृषक श्रमको उल्लेखनिय योगदान रहँदै आएको परिप्रेक्षमा विशेषतः महिला वर्गको शिप, शिक्षा र ज्ञानमा अभिबृद्धि नआए सम्म आशा गरे अनुरुप कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्धि ल्याउन कठिन पर्ने भएकोले महिला कृषक विकास कार्यक्रमलाई छुट्टै कार्यक्रमको रुपमा नसोची कृषि उत्पादनका समग्र कार्यक्रमहरुमा उनीहरुलाई यथोचित सहभागिता गराई कृषि विकासका समग्र कार्यक्रमहरुमा लैङ्गिक मूल प्रवाहीकरण हुने अपेक्षा अनुसार विगतको महिला कृषक विकास महाशाखालाई २०६१ बैशाख देखि नयाँ सङ्गगठनात्मक संरचना अन्तरगत लैङ्गिक समता तथा वातावरण महाशाखा भन्ने नामाकरण गरी लैङ्गिक समता र समन्वयका साथै कृषि वातावरण र जैविक विविधतासँग सम्बन्धित कार्यक्रमहरु समेतलाई महाशाखाको कार्यक्षेत्र भित्र समावेश गरिएको थियो ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा

संसदको घोषणा पत्रमा उल्लेख भएका सकारात्मक विभेदका प्रावधान, अन्तरिम संविधान, २०६३, तीन वर्षे अन्तरिम योजनाहरुले महिलाका आधार भूत अधिकार लगायत आदिवासी जनजातिका साँस्कृतिक अधिकार सुरक्षित गरेका छन् छुवाछुतलाई दण्डनीय अपराध घोषणा गरेका छन् र गरिव अपाङ्ग मुसलमान र मधेसीको अधिकार स्थापित गरेका छन् ।

नेपालको परिप्रेक्षमा दशौं पञ्चबर्षीय योजना (२००२-२००७) सामाजिक समाबेशीकरणलाई खम्वाको रुपमा लिएको थियो । तीन वर्षीय अन्तरिम योजना (२००७-२०१०) ले मुलुकको समतामुलक विकासका लागि “समावेशी तथा न्यायपूर्ण राज्य“ को विकासलाई दीर्घकालिन सोचको रुपमा लिंदै बञ्चतीमा परेका/पारिएका समुदायहरुलाई विकासको मूलधारमा ल्याई उनीहरुको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक स्थितिमा सुधार ल्याउने तथा सबै जातजाति, लिङ्ग, धर्म, क्षेत्र उमेर र वर्गका नागरिकहरुको अधिकार सुनिश्चत गर्ने  उद्देश्य लिएको थियो । तीन वर्षीय अन्तरिम योजना (२०१०/११-२०१२/१३) ले महिला, दलित, आदिवासी र जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अपाङ्गगता भएका व्यक्ति, अल्पसंख्यक र लोपोन्मुख जाति एवं कर्णाली क्षेत्र समेत दुर्गम पहाडी र हिमाली क्षेत्रका बासिन्दा तथा विपन्न वर्ग र समुदाय सहित बञ्चितिमा परेका/पारिएका समुदायहरुलाई विकासको मूल धारमा ल्याई उनीहरुको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक अधिकार र अवसरहरुमा न्यायोचित पहुँच सुनिश्चित गर्ने  अवधारणा राखेको थियो ।

तीन वर्षीय अन्तरिम योजना (वि.सं. २०७०-२०७३) ले लैङ्गिक समानता तथा महिला शसक्तिकरणको अनुरुप सामाजिक समूह वर्ग र क्षेत्रका महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक सशक्तीकरणका लागि लैङ्गिक भूमिकालाई सशक्त बनाउने र महिला भएकै कारणवाट हुने लैङ्गिकतामा आधारित हिंसा एवं विभेद र बञ्चितिकरणको अन्त गर्ने अवधारणा लिएको थियो भने समावेशीकरण अन्तरगत बञ्चितिमा परेका दलित, आदिवासी र

जनजाति, मधेशी, मुस्लिम, पिछडिएको समुदाय, अपाङ्गता भएका व्यक्ति तथा समुदायहरुको आर्थिक, सामाजिक, मानवीय तथा साँस्कृतिक तथा भाषिक अधिकारको संरक्षण तथा प्रबर्द्धन गर्दै आर्थिक, सामाजिक एवम् साँस्कृतिक उत्थान गर्ने अवधारणा लिएको छ ।

स्थानिय स्वायत्त शासन ऐन, २०५६ ले स्थानिय निकायलाई शक्तिशाली बनाउनका साथै उनीहरुलाई स्थानीय गतिविधिका सम्बन्धमा अझ बढी जवाफदेही बनाएको छ । यस ऐनले स्थानीय निकायलाई स्थानीय जनशक्तिको सक्रिय सहभागिता र संलग्नतामा योजना बनाउने र स्थानिय स्वायत्त शासन नियमावलीले विकासका गतिविधिमा गरिव र बञ्चित समूहलाई समावेश गर्ने प्राथमिकता दिने प्रावधान राखेको छ ।

कृषि क्षेत्रमा लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणको अवधारणा र संस्थागत विकास

बिगतको दशक देखि नै नेपालका योजनाबद्ध विकासले लैङ्गिक विषयलाई सम्बोधन गर्दै आएको हो भने सामाजिक समावेशीकरणको विषय विकासको मूल प्रवाहीकरणमा भर्खरै मात्र प्रवेश गरेको विषय हो । दशौं पञ्च वर्षीय योजना र त्यस पछाडीका त्रिवर्षीय अन्तरिम योजनाहरुको लगायत अन्तरिम संविधान, २०६३ ले सामाजिक समावेशीकरण र सिमान्तकृत एवं बञ्चितमा परेका समुदायहरुलाई विकासका कार्यमा समेट्ने अवधारणा अनुसार नेपाल सरकार र विकास कार्यसंग सम्बन्धित साझेदारहरुले पनि आफ्नो क्षेत्रगत कार्यक्रमहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्राथमिकता दिई मूल प्रवाहमा ल्याउन प्रयाशरत छन् । सरकारी र गैर सरकारी संगठनहरुमा लैङ्गिक र समावेशीकरणका दृष्टिले कार्यक्रमहरु तर्जुमा भैरहेका छन् ।

देशमा खाद्य तथा पोषण सुरक्षा कायम राख्न आवश्यक नीति निर्माण र कार्यान्वयनमा सहयोग पुर्याई कृषि उत्पादनका लागि आवश्यक मलखाद व्यवस्थापन तथा प्रकोप व्यवस्थापन गर्ने, वातावरणीय ह्रास तथा जलवायु परिवर्तनबाट कृषिजन्य उत्पादन एवं उत्पादकत्वमा पर्न सक्ने नकारात्मक

प्रभावलाई न्यून गर्ने र कृषि जैविक विविधता संरक्षण सम्बर्द्धन र उपयोगलाई प्राथमिकता दिई दिगो कृषि विकासमा योगदान पुर्याउने र कृषि विकासका समग्र कार्यक्रमहरुमा लैगिंक मूलप्रवाहिकरणको साथै समावेशीकरण गर्ने उद्देश्य प्राप्तिका लागि वि.सं. २०७० को नयाँ संगठनात्मक संरचना अनुसार खाद्य सुरक्षा तथा वातावरण महाशाखाको स्थापना भयो ।

कृषि विकास मन्त्रालयवाट लैङ्गिक र सामाजिक समावेशीकरणका मुद्दाहरुलाई कृषि विकासका कार्यक्रमहरुमा मूल प्रवाहीकरण गरी  लैङ्गिक, सामाजिक र आर्थिक रुपमा पिछडिएका वर्गको सहभागितालाई सुनिश्चत गरी ती वर्गहरुसम्म फाइदा पुगोस् र उनीहरुको जिविकोपार्जनमा कृषि विकासका कार्यक्रमहरुवाट सहयोग मिलोस् भन्ने उद्देश्यले खाद्य सुरक्षा तथा वातावरण महाशाखा अन्तरगत रहनेगरी लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना भयो । सो शाखाका कार्य जिम्मेवारीहरु देहाय बमोजिम तोकिएका छन् ।

- लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई कृषि विकासका कार्यक्रमहरुमा मूल प्रवाहीकरण गर्ने टड्कारो आवश्यकता महशुस गरि लैङ्गिक मूल प्रवाहीकरण र समावेशीकरणका सिद्धान्तलाई मन्त्रालय र अन्तरगतका निकाय र आयोजनाहरुवाट सञ्चालन हुने कृषि कार्यक्रमहरुमा संस्थागत गर्ने

- कृषि विकासमा लैङ्गिक तथा समावेशीका आधार सूचना तथा तथ्याङ्कहरु संकलन, अभिलेखीकरण तथा अद्यावधिक गर्ने

- सीमान्तकृत तथा बञ्चितिकरणमा परेका समुदायहरुको उत्थानका लागि आयमूलक कृषि सम्बन्धी कार्यक्रममा पहुँचका लागि पहल गर्ने

- लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सम्पर्क विन्दुको रुपमा कार्य गर्ने ।

# लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि नीतिगत प्रावधानहरू

राष्ट्रिय कृषि नीति, २०६१

कृषि क्षेत्र ग्रामिण भेकमा बस्ने नेपालीहरुको जिविकोपार्जनको महत्वपूर्ण साधन भएको तर गाउँमा अन्य क्षेत्रवाट हुने आर्थिक बृद्धिदरको अवसर न्यून भएकोले कृषि क्षेत्रमा समावेशीकरण गरिएमा यसले गरिवी निवारणमा गहन प्रभाव पार्न सक्ने सम्भावनालाई आधार मानि कृषि क्षेत्रको समग्र विकासका लागि आर्थिक उदारिकरण, विश्व व्यापार संगठन तथा क्षेत्रीय संगठनहरुमा नेपालको विद्यमान प्रतिबद्धता, नेपालको लागि दिगो विकासको एजेण्डा एवं सहश्राब्धि विकासका लक्षहरु समेतको पृष्ठभूमिमा दीर्घकालिन कृषि योजनाका मूलभुत पक्षलाई कायम राखि राष्ट्रिय कृषि नीति, २०६१ तर्जुमा भई कृषि उत्पादन एवं उत्पादकत्व बढाउने, व्यवसायिक तथा कृषि प्रणालीका आधार हरुको विकास गरी क्षेत्रीय र विश्व बजारसंग प्रतिष्पर्धात्मक बनाउने, प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने उद्देश्यहरु कायम गरी नीति कार्यान्वयनमा आईसकेको छ ।

यिनै उद्देश्यहरु प्राप्तिका लागि स्रोत साधनमा पहुँच भएका र साधन र अवसरमा तुलनात्मक रुपमा न्यून पहँच भएका दुवै समूहका कृषकहरुको आवश्यकतालाई समेट्ने गरी विभिन्न नीतिहरु अवलम्बन भएका छन् । यी नीतिहरु मध्ये कृषि उत्पादन एवं उत्पादकत्व अभिबृद्धि सिमान्त कृषक लगायत दलित, विपन्न र पिछडिएका वर्गहरुलाई लक्षित गरी विशेष सुविधा व्यवसायिक र प्रतिष्पर्धात्मक कृषि प्रणालीको विकास तथा प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग जस्ता नीतिहरु प्रमूख छन् ।

प्रस्तुत नीतिले लैंङ्गिक मूलप्रवाहीकरणका लागि कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने तथा लैंङ्गिक समानता हासिल गर्न कृषि कार्यक्रमको सञ्चालनमा सम्भव हुने सवै क्षेत्रमा महिला संलग्नता एवं सहभागितालाई ५० प्रतिशत पुऱ्याउने महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रवन्ध मिलाई घर गाउँ नगिच पुर्याउन व्यवस्था मिलाउने, कृषि विकासका कार्यक्रममा महिला संलग्नता सम्बद्ध सूचना तथा तथ्याङ्कहरुको प्रवाहलाई सुनिश्चित गर्ने, तथा चार हेक्टर भन्दा कम जमिन हुने कम स्रोत र साधन भएका (Resource poor) कृषकको पहिचान र वर्गिकरण गरी तोकिएको सुविधाहरु उपलब्ध गराउने जस्ता नीतिहरु अबलम्बन गरिएका छन् ।

कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३

राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउन राष्ट्रिय कृषि नीति,२०६१ को व्यवसायिक तथा कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसंग प्रतिष्पर्धात्मक बनाउने उद्देश्य अनुरुप कृषि व्यवसाय प्रबर्द्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ कार्यान्वियन गर्न बजारमुखी र प्रतिष्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुर्याउने कृषि जन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रबर्द्धनमा योगदान पुर्याउने कृषिको व्यवसायीकरण गरी गरीवी निवारणमा सहयोग पुर्याउने उद्देयहरु लिइएको छ । विपन्न वर्ग, महिला र दलित वर्गवाट कृषि उद्यम स्थापना तथा सञ्चालनका लागि विशेष कार्यक्रम लागु गरिने नीति अबलम्वन गरेको छ ।

कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन, २०७१)

कृषकको परम्परागत ज्ञानको खोज, सम्बर्द्धन र उपयोगका लागि महिला, आदिबासी, जनजाती र विपन्न वर्गलाई समाहित गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने तथा कृषि जैविक विविधताको दिगो उपयोगका लागि सरकारी, कृषक समुदाय (महिला, आदिबासी, जनजाती र उपेक्षित बर्ग) तथा निजी क्षेत्रको सहकार्य एवं साझेदारीमा उत्पादन वृद्धि, रोजगारी एवं आयमूलक कार्यक्रम सञ्चालन गरिने नीति अबलम्वन गरेको छ ।

लैङ्गिक मूलप्रवाहीकरण रणनीति, २०६३

विकासको लक्षित उद्देश्य र नतिजा प्राप्त गर्न लैङ्गिक मूलप्रवाहीकरण र महिला शसक्तिकरण अपरिहार्य भएको तथ्य पहिचान भइरहेको अवस्थामा प्रशासनिक संयन्त्रका प्रत्येक तहमा लैङ्गिक समविकासको आधारमा लैङ्गिक समायोजन गरी संस्थामा महिला र पुरुषको संख्यामा समानुपातिक गर्नु पर्ने शासकीय सुधार कार्यक्रमको मान्यता अनुसार कृषि तथा सहकारी मन्त्रालय र मातहतका विभाग, आयोजना, समिति, बोर्ड, कम्पनीहरुमा लैङ्गिक मूल प्रवाहीकरण एवं महिला शसक्तिकरणको अवधारणागत दृष्टिकोणका आधारमा महिलाहरुको समानुपातिक सहभागिता ५०/५० पुर्याउन, देशको आर्थिक सामाजिक राजनीतिक एवं साँस्कृतिक अवस्था महिला वर्गको विद्यमान शैक्षिक स्तर, समाजिक संस्कार, विभाग र आयोजनाहरूको प्रकृति आदि सबैलाई दृष्टिगत गरी लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी चरणबद्ध रणनीति अख्तियार गर्न तथा सेवा प्रदान गर्ने पक्ष र सेवा लिने पक्ष दुबैलाई लैङ्गिक अवधारणामा समाहित गरेर लैजानका लागि शासकीय सुधारको सोच अनुसार तत्कालिन र दिर्घकालिन रणनीतिहरु अख्तियार गर्नु पर्ने आवश्यकता अनुसार लैङ्गिक मूलप्रवाहीकरण रणनीति,२०६३ को तयार भएको छ ।

कृषि विकास रणनीति, २०७१ (मस्यौदा)

कृषि विकास रणनीतिले कृषि श्रम शक्तिको अधिकांश अंश महिला श्रमवाट उपलब्ध हुने वारेमा उदृत गर्दै कृषि उत्पादनका स्रोत, साधनमा दिगो पहुँच, उपयोग र नियन्त्रण महिला कृषकहरुको निर्णयात्मक भूमिकामा भर पर्ने सम्बन्धमा प्रकास पारेको छ । यस रणनीतिले महिला कृषकहरुलाई स्वतन्त्र कृषकहरुको रुपमा मान्यता दिंदै यथेष्ट बजेट विनियोजन, उत्पादन सामग्रीहरुमा महिलाहरुको पहुँचको सुनिश्चता, महिला कृषकहरुलाई नेतृत्व बहनका लागि अभिप्रेरित गरिने जस्ता अवसरहरु प्रदान गरेको छ ।

प्राकृतिक स्रोतहरुको परम्परागत संरक्षकको रुपमा सिमान्तकृत वर्गहरुवाट अभ्याषरत रहन नसक्दा सामुदायिक कृषि जैविक विविधता संरक्षण कमजोर

पर्न सक्ने हुँदा सिमान्त वर्गहरुलाई संबोधन हुने गरी कृषि विकास रणनीतिले दिगो सामाजिक र सामुदायिक व्यवस्थापनको कार्यक्रमहरुको अवधारणा राखेको छ । यसका साथसाथै कृषि विकास रणनीतिले महिला र पुरुष दुबै श्रमिकको श्रमदर बराबर हुनु पर्ने सिफारिस गरेको छ ।

समावेशीकरणका सम्बन्धमा कृषि विकास रणनीतिले आर्थिक, सामाजिक र भौगोलिक विपन्नता र बञ्चितकरण, महिलाहरुको पहुँचमा असमानता र यूवावर्गहरुको विदेश पलायनका कारण कृषि विकासमा कठिनाईहरु देखा परेका प्रसंगलाई समेटेको छ । कृषि विकासको फाईदा कृषक लगायत सबै लक्षित वर्गहरु, जग्गा धनीहरु, कषि श्रमिकहरु तथा उद्यमीहरु सबैले पाउनु पर्ने अवधारणा लिएको छ ।कृषि रणनीति प्रभावकारी रुपमा कार्यान्वियन हुन साना व्यवसायिक कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने र जीविकोपार्जनका लागि कृषि पेशा अपनाएकाहरुको उत्पादन बढ्ने र भूमिहिन कृषकहरुलाई रोजगार उपलब्ध हुनु जरुरी हुन्छ । सिमान्त र विपन्न कृषकहरुलाई कृषि विकासका कार्यक्रममा संलग्न गराई कृषिवाट बढी भन्दा बढी  लाभान्वित गराउने वारे यस रणनीतको दूरदृष्टिले संकेत गरेको छ। लैंङ्गिक र सामाजिक समावेशीकरण मूल प्रवाहीकरण सम्बन्धी  कृषि विकास रणनीतिका अवधारणाहरुः

- लैंङ्गिक र सामाजिक तथा भौगोलिक समावेशीकरण सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्कहरु व्यवस्थापन र अध्यावधि गर्ने ।
- लैंङ्गिक र सामाजिक समावेशीकरणसंग सरोकार राख्ने जनशक्तिहरुको जिम्मेवारिता सहित केन्द्रिय विभाग र जिल्लास्तरलाई सुदृढिकरण गर्ने ।
- संख्यात्मक र गुणात्मक रुपमा महिला र पुरुष कृषकहरुको सहभागितालाई अभिबृद्धि गर्ने ।
- सबै जिल्ला कृषि प्रसार/पशुसेवा प्रसारका कार्यक्रमहरुलाई लैंङ्गिक र सामाजिक समावेशीकरण मैत्री बनाउने ।
- कृषि/पशुजन्य उत्पादनका लागि आवश्यक भूमि, पूँजी लगायत कृषि/पशुजन्य उत्पादन सामग्रीहरु (बीउ, मल, पशुपंक्षी, उन्नत प्रविधि, सिंचाई र बजार) मा सम्पूर्ण लैंङ्गिक, सामाजिक, आर्थिक र भौगोलिक

रुपमा पिछडिएका र सिमान्तकृत वर्गहरुको पहुँचमा अभिबृद्धि गर्ने ।

- भौगोलिक क्षेत्रहरुमा लैंङ्गिक र सामाजिक समावेशीकरण मैत्री कृषि अनुसन्धान, प्रविधि र विकासका कार्यक्रमहरु प्रबर्द्धन गर्ने ।
- कृषि विकास रणनीतिको परिकल्पना अनुसार लैंङ्गिक र सामाजिक समावेशीकरणका अवधारणाहरु तर्जुमा, कार्यान्वयन तथा अनुगमन क्रियाकलापहरुलाई सुनिश्चित गर्न लैंङ्गिक र सामाजिक समावेशीकरण रणनीति (GESI Strategy) तयार गरी कार्यान्वयनमा ल्याउने ।

महिला कृषक लक्षित कार्यक्रम  कार्यविधि, २०७१

महिला कृषकको सकृय सहभागिता गराउन सामाजिक र आर्थिक दृष्टिकोणले विपन्न र पिछडिएका महिला कृषकहरुलाई लक्षित गरी महिला लक्षित कार्यक्रमहरु आ.व. २०७२/७३ देखि सञ्चालन गरिने उद्देश्यले  नेपाल सरकार नीति तथा कार्यक्रमको कार्यान्वयन योजना अन्तर्गत नेपाल सरकार कृषि विकास मन्त्रालयले “महिला कृषक लक्षित कार्यक्रम कार्यविधि, २०७१” नेपाल सरकार सचिवस्तरिय निर्णयवाट मिति २०७१ फागुन १ गते स्वीकृत गरेको हो । यस कार्यविधिले कृषि विभाग, पशुसेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा सञ्चालित कृषि विकासका कार्यक्रमहरु यथावत राख्दै सो कार्यक्रमहरुवाट कम्तीमा ५५ देखि ६० प्रतिशत महिला सहभागिता पुर्याउने गरी कार्यक्रम सञ्चालन गराउने र महिलाको सहभागितालाई यथार्थपरक बनाउन अभिलेखीकरणको प्रथा बसाल्ने, महिला मैत्री कृषि यान्त्रिकरण सम्बन्धि प्रविधि र उपयोग सम्बन्धि सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने, सामुदायिक कृषि जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गराउने र लक्षितवर्गको खाद्य पोषणमा सुधार र स्थानिय प्रजातिका बालीहरुको उपयोग तथा प्रशोधन गरी आयआर्जनका कार्यक्रमहरु सञ्चालन गराउने उद्देश्य राखेको छ ।

# कृषि विकासका कृयाकलापहरुमा लैङ्गिक एवं सामाजिक समावेशीकरण मूल प्रवाहीकरण स्थिति

कृषि उत्पादन कार्यमा संलग्न कृषकहरुको ज्ञान शिप र दक्षतामा अभिबृद्धि ल्याउने क्रममा आधुनिक प्रविधिहरु र उपलब्ध स्रोत साधनहरुमा कृषकहरुको समावेशीकरण र पहुँचलाई विस्तार गर्न कृषि विभाग र पशुसेवा विभागले मातहतका कार्यालयहरु मार्फत विभिन्न कृयाकलापहरु सञ्चालन गर्दै आएको छ । कृषि विभाग अन्तरगत जिल्ला कृषि विकास कार्यालय मार्फत कृषक स्तरमा कार्यान्वयन गरिने यस्ता कार्यक्रमहरुमा तालिम, कृषक समूह गठन, बोट विरुवा, उन्नत विजन, उपकरणहरु वितरण बादि कार्यक्रमहरु समावेश गरिएका हुन्छन् । यिनै कार्यक्रमहरुलाई समग्रमा कृषि प्रसार कार्यक्रम भनिन्छ । यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा विभिन्न वाली तथा वस्तु विशेषको उत्पादन अभिबृद्धि गर्ने विभिन्न कृयाकलापहरुलाई आयोजनगत रुपमा बर्गिकरण गरी सालबसाली रुपमा कार्यक्रम सञ्चालन गरिएको हुन्छ । यसका अलावा लैङ्गिक मूल प्रवाहीकरण गर्न महिला र पुरुष दुवैको सहभागितालाई लक्षित गरी कार्यक्रमहरु तर्जुमा गरिएका हुन्छन् । क्षेत्रीयस्तर प्रगति विवरणका आधारमा सबै क्षेत्रीय कृषि निर्देशनालयहरु/क्षेत्रीय पशुसेवा निर्देशनालयहरुवाट सो क्षेत्रभित्रका जिल्लाहरुवाट संचालित कार्यक्रमहरु र जिल्ला स्तरमा भएका प्रगतिहरुको लैङ्गिक विभेदी तथ्याँक एवं सामाजिक र आर्थिक समावेशीकरण सहित प्रगति विवरणहरु कृषि विकास मन्त्रालय, खाद्य सुरक्षा तथा वातावरण महाशाखा, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखामा अनुसूची १ अनुसारको फर्मेटमा प्राप्त विवरणको आधारमा आ.व. २०७०/७१मा सञ्चालित कार्यक्रमहरुको लैङ्गिक विभेदी एवं सामाजिक र आर्थिक समावेशीकरणको तथ्याङ्कहरु संकलन गरी प्रकाशन गर्ने जमर्को गरिएको छ । त्यसै गरी कृषि जन्य उत्पादनहरुको उत्पादनोपरान्त हुने क्षतिको लागि सुरक्षित भण्डारण प्रविधिहरू र प्रशोधित वस्तुहरू उत्पादन गर्ने प्रशोधन प्रविधिवारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वाट क्षेत्रीय प्रयोगशालाहरु मार्फत सालबसाली रुपमा प्रदान गरिने तालिम कार्यक्रमहरुमा सहभागी भई लाभान्वित

हुने कृषकहरुको लैङ्गिक विभेदी तथ्याङ्कहरु पनि यस प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल कृषि अनुसन्धान परिषद्द्वारा कृषि र पशुजन्य बालीहरुमा गरिने अनुसन्धान मुलक कार्यक्रमहरु र परिषदको बाह्य सेवा कार्यक्रम अन्तरगत पनि महिला र सिमान्त कृषकहरुलाई लक्षित गरी सञ्चालन भएका कार्यक्रमहरुको लैङ्गिक विभेदी विवरणहरु यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । ३१औं विश्व खाद्यदिवस २०७१ मा सम्पन्न पुरस्कार वितरण समारोहमा भएको लैङ्गिक सहभागिताको विवरण पनि प्रतिवेदित गरिएको छ ।

कृषि विकास कार्यक्रमहरु र लैङ्गिक उत्तरदायी बजेट

लैङ्गिक उत्तरदायी बजेट मुलुकको बजेटको योगदानको परिक्षण तथा लेखाजोखा गरी लैङ्गिक समानता हासिल गर्ने एउटा महत्वपूर्ण संयन्त्र हो । यसमा सही र सरल तरिकाले महिला र पुरुष दुवै वर्गमा पर्न सक्ने बजेटका लगानी खर्च तथा आयको प्रभावको लेखा जोखा तथा विश्लेषणमा सहभागितात्मक प्रकृया समावेश भएको हुन्छ । आ.व. २०६४/०६५ देखि कार्यान्वयनमा आएको लैङ्गिक उत्तदायी बजेट (Gender Responsive Budget) प्रणालीले क्षेत्रगत निकायहरुले सञ्चालन गरेका कार्यक्रमहरुको लैङ्गिक सम्वेदनशीलतालाई आंशिक रुपमा मापन गर्न त खोजेको छ तर त्यसले कार्यक्रमलाई लैङ्गिक सम्वेदनशील हुने गरी तर्जुमा गर्न भने उत्प्रेरणा गर्न सकेको छैन । यसै आवश्यकतालाई दृष्टिगत गरी योजना तथा बजेट तर्जुमाको समयमा नै लैङ्गिक सम्वेदनशील दृष्टिकोण अवलम्वन गर्न सहयोग पुर्याउन प्रचलनमा ल्याइएका सूचकको लागि उपसूचक तथा सोको मापन गर्न परिक्षण सूचीहरु निर्धारण गरी लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन नेपाल सरकारवाट तयार पारी कार्यान्वयमा ल्याइएको छ । कृषि विकास मन्त्रालयको आ.व. २०७०/७१ र आ.व.२०७१/७२ को लैङ्गिक उत्तरदायी बजेट तालिका १ मा प्रस्तुत गरिएको छ । लैङ्गिक उत्तरदायी बजेट महिलाको लागि छुट्टै बजेट नभईकन क्षेत्रगत निकायहरुले सञ्चालन गरेका कार्यक्रमहरु प्रत्क्षय (संकेत नं १-प्रत्यक्ष उत्तरदायी), अप्रत्यक्ष (संकेत नं २-अप्रत्यक्ष उत्तरदायी) रुपमा महिलाहरुका

लागि बाँडिएका हुन्छन् । कुनै कार्यक्रमका लागि गएको बजेट लैङ्गिक उत्तरदायी रुपमा तटस्थ (संकेत नं ३) हुन्छन् । कृषि विकासका कार्यक्रमहरुमा दुबै आर्थिक वर्षमा प्रत्यक्ष उत्तरदायी बजेट ५० प्रतिशत भन्दा माथि नै देखिएको हुनाले कृषि विकासका कार्यक्रमहरु लैङ्किक सम्वेदनशील देखिएका छन् भन्दा फरक नपर्ला । कृषि विकास मन्त्रालय लगायत सम्पूर्ण अन्तरगतका निकायहरुमा आ.व. २०७०/७१ र आ.व.२०७१/७२ मा विनियोजन भएको बजेट र लैङ्गिक उत्तरदायी संबेदनशीलता अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

**तालिकाः १ कृषि विकास मन्त्रालयको लैङ्गिक उत्तरदायी बजेट**

| बजेट/संकेत नंबर | आ.व. २०७०/७१ | | आ.व. २०७१/७२ | |
|---|---|---|---|---|
| | कूल बजेट (रु हजारमा) | प्रतिशत | कूल बजेट (रु हजारमा) | प्रतिशत |
| संकेत नं १ (प्रत्यक्ष उत्तरदायी) | १३२९०१६४ | ५३.७ | १५५१३१६८ | ६६.६ |
| संकेत नं २ (अप्रत्यक्ष उत्तरदायी) | ११४०१५२० | ४६.० | ७६७४४५९ | ३३.० |
| संकेत नं ३ (लैङ्गिक रुपमा तटस्थ) | ८०००० | ३.३ | ९५५५१ | ०.४ |
| कूल बजेट | २४७७१६८४ | | २३२८३१७८ | |

*स्रोतः आर्थिक वर्ष २०७०/७१ तथा २०७१/७२ को व्यय अनुमानको विवरण अनुसार*

## आ.व. २०७०/७१ मा क्षेत्रीय कृषि निर्देशनालय अन्तरगतका जिल्लाहरुवाट सञ्चालित कार्यक्रमहरु

लाभान्वित कृषकहरुको क्षेत्रगत संलग्नता

क्षेत्रगत रुपमा सञ्चालित विभिन्न कार्यक्रमहरुमा लाभान्वित कृषकहरूको विवरण परिवार संख्या क्षेत्रगत दुर्गमताका आधारमा सुगम मध्यम र दुर्गम छुट्टाई लाभान्वित गा. वि. स./न. पा. हरुको संख्या तालिका २ मा प्रस्तुत गरिएको छ । समग्रमा बढी लाभान्वित हुने गा. वि. स./न. पा. हरुमा सुगम क्षेत्र नै बढी देखिन्छ । समग्रमा लाभान्वित कृषक परिवारको संख्या १३४४९६२ देखिएको छ । जम्मा ८७४९२ लाभान्वित गा. वि. स./न. पा.

हरु मध्ये ४५ प्रतिशत सुगम क्षेत्रका गा. वि. स./न. पा. लाभान्वित भएका छन् । त्यसै गरी मध्यम क्षेत्रवाट ३७.१ र दुर्गम क्षेत्रवाट जम्मा १७.९ प्रतिशत गा. वि. स./न. पा. लाभान्वित भएका छन् । वास्तवमा सुगम, दुर्गम र मध्यम क्षेत्र छुट्ट्याउने कुनै प्रष्ठ आधारहरु छैनन् र जिल्लावाट प्राप्त प्रगतिमा पनि यसवारे कुनै उल्लेख भएको पाइदैन । तसर्थ जिल्ला स्थित कार्यालयलाई कार्यमक्रम सञ्चालन गरिने केन्द्रको रुपमा लिई तहाँ पहुँचको हिसावमा लाग्ने समय र दुरीलाई आधार मानीनु राम्रो हुन्छ होला । सुगम जिल्लावाट नै बढी कृषकहरु लाभान्वित भएका कारण दुर्गम क्षेत्रमा रहेका कृषकहरुको अझै कृषि विकासका कार्यक्रमहरुमा यथेष्ठ पहुँच नभएको यस विवरणले देखाउँछ ।

**तालिकाः २ जिल्लास्तरमा सञ्चालित कृषि विकासका कार्यक्रमहरूमा लाभान्वित कृषकहरुको क्षेत्रगत संलग्नताको विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक परिवार | लाभान्वित गा. वि. स.रन. पा. | | | जम्मा सहभागिता |
|---|---|---|---|---|---|---|
| | | | सुगम | मध्यम | दुर्गम | |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ३३९९४६ | २९९०६ | २३६०३ | ९५९९ | ६३१०८ |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ४४००६६ | १५८५ | १४०८ | १०६६ | ४०५९ |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | ३५८५१८ | ३१२२ | ३७१९ | ३०९६ | ९९३७ |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | २०६४३२ | ४४३७ | ३२१५ | १५७० | ९२२२ |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | | ३२८ | ४८७ | ३५१ | ११६६ |
| | कूल लाभान्वित संख्या/सरदर प्रतिशत | १३४४९६२ | ३९३७८ (४५.०) | ३२४३२ (३७.१) | १५६८२ (१७.९) | ८७४९२ (१००) |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

लाभान्वित कृषकहरुको लैङ्गिक सहभागिता

वार्षिक रुपमा जिल्लास्तरमा सञ्चालन हुँदै आएको  कृषि विकासका कार्यक्रमहरुको लक्ष सहित लाभान्वित महिला र पुरुष कृषकहरुको सहभागिता

नछुट्टिने भएता पनि क्षेत्रीय कृषि निर्देशनालयहरुले उपलब्ध गराएका विवरणहरुलाई हेर्दा पाँच क्षेत्र अन्तरगतका ७५ जिल्लाहरुमा जिल्ला कृषि कार्यालयहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा ३१,६३,३६३ कृषकहरु सहभागी भई महिला तथा पुरुष क्रमशः ४९ र ५१ प्रतिशत लाभान्वित भएको देखिन्छ (तालिका ३) ।

**तालिकाः ३ जिल्लास्तरमा सञ्चालित कृषि विकासका कार्यक्रमहरुमा लैङ्गिक सहभागिता**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरू | लाभान्वित कृषक | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | २५९२०४ | ३०४३७३ | ५६३५७७ | ४६.० | ५४.० | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ४४७४२३ | ४४८४३१ | ८९५८५४ | ४९.९ | ५०.१ | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | ६४००५७ | ६२४६९० | १२६४७४७ | ५०.६ | ४९.४ | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | १२७५१५ | १४३५९३ | २७११०८ | ४७.० | ५३.० | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ७४७६७ | ९३३१० | १६८०७७ | ४४.५ | ५५.५ | १०० |
| | कूल लाभान्वित | १५४८९६६ | १६१४३९७ | ३१६३३६३ | ४९.० | ५१.० | १०० |
| | | | | | | | |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

लैङ्गिक सहभागिताको क्षेत्रगत विवरणलाई विश्लेषण गर्दा महिला कृषकहरुको सहभागिता अन्य क्षेत्रको तुलनामा पश्चिमाञ्चल क्षेत्रमा सबै भन्दाबढी (५०.६ प्रतिशत) तथा पुरुष कृषकहरुको सहभागिता सबैभन्दा बढी सुदुर पश्चिमाञ्चल (५५.५ प्रतिशत) रहेको देखिन्छ । त्यसै गरी महिलाहरुको सहभागिता सबै भन्दाकम (४४.५ प्रतिशत) सुदुर पश्चिमाञ्चल क्षेत्र तथा पुरुष कृषकहरुको सहभागिता सबैभन्दा कम पश्चिमाञ्चल (४९.४ प्रतिशत) रहेको देखिन्छ

(तालिका ३) र (चित्र १) ।

यस तथ्याङ्कलाई आर्थिक वर्ष २०६१/६२ को समग्र कृषि विकासका कार्यक्रमहरुमा एक मुष्ठ लैङ्गिक सहभागितासंग दाँज्दा लाभान्वित कृषकहरुको संख्या लगायत महिला कृषकहरुको सहभागिता प्रतिशत पनि बढेको देखिन्छ तर पूर्वाञ्चल क्षेत्रमा भने महिला सहभागिता आ.व. २०७०/७१ मा आ.व. २०६१/६२ को भन्दा कम दखिएको छ (चित्र २)। वार्षिक पुस्तिका आ.व. २०६१/६२मा जिल्ला कृषि विकास कार्यालयहरुले सञ्चालन गरेका कार्यक्रमहरुमा ४ लाख ७२ हजार ४ सय त्रियान्नब्य कृषकहरु लाभान्वित भएका थिए भने महिला तथा पुरुष कृषकहरुमा क्रमशः ४३.४ र ५६.६ प्रतिशत लाभान्वित भएका थिए । हालको कृषक सहभागिता बढेको छ र महिला सहभागिता प्रतिशतमा पनि करीव ५ प्रतिशत भन्दा बढी देखिन्छ । चित्र २ मा क्षेत्रगत आ.व. २०६१/६२ र आ.व. २०७०/७१मा समग्र कृषि विकासका जिल्ला स्थित कार्यक्रमहरुमा महिला सहभागिता प्रतिशत देखाइएको छ । आ.व. २०६१/६२ मा सुदर पश्चिमाञ्चल क्षेत्रको विवरण प्रतिवेदित नभएका कारण सहभागिता पनि देखाउन सकिएन ।




चित्रः १ समग्र जिल्लास्तर कृषि विकासका कार्यक्रमहरुमा लाभान्वित लैङ्गिक सहभागिता प्रतिशतआ.व. २०७०/७१



चित्रः २ समग्र कृषि विकासका कार्यक्रमहरुमा क्षेत्रगत महिला सहभागिता प्रतिशत आ.व.२०६१/६२ र आ.व.२०७०/७१ तुलनात्मक विवरण

## लाभान्वित कृषकहरुको सामाजिक र आर्थिक  समावेशीकरण

जिल्लास्तरमा सञ्चालित कृषि विकासका कार्यक्रमहरुमा लाभान्वित कृषकहरुको सम्भव भएसम्म सामाजिक विश्लेषण गरी सामाजिक समावेशीकरण र सहभागिता समग्रमा ३१,४४,६५८ जना लाभान्वित भएको देखाउन सकिएको

छ (तालिका ४)। सामाजिक क्षेत्रलाई दलित, जनजाति र अन्य गरी जम्मा तीन वर्गमा विभाजन गरिएको छ । दलितको सहभागिता जम्मा (१०.२ प्रतिशत) र जनजातिको सहभागिता ३५.३ प्रतिशत देखिन्छ भने वाँकी ५४.५ प्रतिशत अन्यका रुपमा लाभान्वित भएका छन् (चित्र ३)। क्षेत्रगत रुपमा विश्लेषण गर्दा पश्चिमाञ्चल क्षेत्रमा सामाजिक समावेशीकरण बढी प्रभावकारी भएको र सामाजिक रुपमा पिछडिएका कृषकहरु बढी लाभान्वित भएको पाइयो। त्यस्तै आर्थिक रुपमा पिछडिएका वर्गहरुको जिल्लास्तरमा सञ्चालित कृषि विकासका कार्यक्रमहरुमा लाभान्वित कृषकहरुको सम्भावित रुपमा आर्थिक विश्लेषण अनुसार समावेशीकरण र सहभागितालाई प्रस्तुत गर्न सकिएको छ । जम्मा ३०,६०,७४५ जना लाभान्वित भएका मध्ये विपन्न र अन्य दुई वर्गमा आर्थिक रुपमा पिछडिएका समुदायलाई विभाजन गरिएको र विपन्न वर्गको सहभागिता जम्मा (१९.८ प्रतिशत) देखिन्छ । अन्यमा ८०.२ प्रतिशत लाभान्वित भएको छन् (तालिका ५) तथा (चित्र ४)। तर विपन्न र अन्य गरी आर्थिक रुपमा छुट्टाउने कुनै ठोस आधार उल्लेख भएको देखिदैन ।

**तालिकाः ४ जिल्लास्तरमा सञ्चालित कृषि विकासका कार्यक्रमहरुमा सामाजिक समावेशीकरणको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक सहभागिता संख्या | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाति | अन्य | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ५१३४० | २४५४५४ | २४८८५९ | ५४५६५३ |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ४४७९३ | ३१३५४९ | ५३७५१२ | ८९५८५४ |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | १४३५६५ | ४६१८९८ | ६५९२८३ | १२६४७४६ |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | ३६७७० | ७५८२१ | १५७७३७ | २७०३२८ |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | १९६०१ | ५३५२३ | ९४९५३ | १६८०७७ |
| | कूल लाभान्वित संख्या/सरदर प्रतिशत | २९६०६९ (१०.२) | ११५०२४५ (३५.३) | १६९८३४४ (५४.५) | ३१४४६५८ (१००) |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

**तालिकाः ५ कृषि विकासका कार्यक्रमहरुमा जिल्लास्तरमा सञ्चालित आर्थिक समावेशीकरणको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक | | |
|---|---|---|---|---|
| | | सहभागिता संख्या | | |
| | | विपन्न | अन्य | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ७५१८१ | ३८३६१८ | ४५८७९९ |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | १३४३७८ | ७६१४७६ | ८९५८५४ |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | २३६५७४ | १०२८१७३ | १२६४७४७ |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | ८५२८३ | १८७९८५ | २७३२६८ |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ७३९८७ | ९४०९० | १६८०७७ |
| | कूल लाभान्वित संख्या/सरदर प्रतिशत | ६०५४०३ (१९.८) | २४५५३४२ (८०.२) | ३०६०७४५ (१००) |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*




चित्रः३ समग्र जिल्लास्तर कृषि विकासका कार्यक्रमहरुमा सामाजिक समावेशीकरण प्रतिशत आ.व.२०७०/७१




चित्रः ४ समग्र जिल्लास्तर कृषि विकासका कार्यक्रमहरुमा आर्थिक समावेशीकरण प्रतिशत आ.व.२०७०र७१

**जिल्लास्थित कृषि कार्यक्रमहरु र लैङ्गिक सहभागिता**

कृषि प्रसार कार्यक्रम

पाँचै क्षेत्रीय कृषि निर्देशनालयहरुमा कृषि प्रसार कार्यक्रम अन्तरगत जिल्लास्तरमा हुने कार्यक्रमहरुमा प्रदर्शन, मीनीकीट वितरण, कृषक तालिम

(से.के.स्तर, जिल्लास्तर, क्षेत्रीयस्तर), समूह गठन तथा सञ्चालन, कृषक पाठशाला, फलफूल विरुवा वितरण, नर्सरी स्थापना, क्रम कटिङ्ग, च्याउको बीउ वितरण, मौरी घार वितरण, कृषिमेला प्रदर्शनी, विशेष बालीसप्ताह, अन्तरजिल्ला कृषक भ्रमण, विजबृद्धि कार्यक्रम, गोष्ठी कार्यक्रम, पोष्टर पम्पलेट वितरण, आकस्मिक सेवा, कृषि गतिविधि प्रकाशन वितरण, समस्या निधान कार्यक्रम, कृषि औजार/उपकरण वितरण कृषि प्रसारका कार्यक्रमहरुमा सबै क्षेत्रीय निर्देशनालयहरुवाट प्राप्त विवरण अनुसार लैङ्गिक विभेदी सहभागिताको अभिलेखिकरण गरी तालिका ६ मा प्रस्तुत गरिएकोछ । समग्रमा लाभान्वित कृषकहरुको संख्या १५,०६,९३७ देखिन्छ भने महिला कृषकहरुको सहभागिता ४८.३ प्रतिशत रहेको देखन्छ । सबै भन्दा कम महिला कृषकहरुको सहभागिता सुदुर पश्चिमाञ्चल क्षेत्रमा ४२.८ देखिएको छ भने बढी पश्चिमाञ्चल क्षेत्रमा ५१.९ प्रतिशत रहेको देखिन्छ (तालिका ६)।

**तालिकाः ६ जिल्लास्तरमा सञ्चालित कृषि प्रसारका कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ११५००८ | १२६१५६ | २४११६४ | ४७.७ | ५२.३ | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ३१३१२३ | २९७४५६ | ६१०५७९ | ५१.३ | ४८.७ | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | २२२०१४ | २०५७१८ | ४२७७३२ | ५१.९ | ४८.१ | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | ६२३४६ | ६८६१७ | १३०९६३ | ४७.६ | ५२.४ | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ४१४५१ | ५५४४८ | ९६८९९ | ४२.८ | ५७.२ | १०० |
| | कूल लाभान्वित संख्या/सरदर प्रतिशत | ७५३९४२ | ७५३३९५ | १५०६९३७ | ४८.३ | ५१.७ | १०० |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

आलु तरकारी तथा मसला विकास कार्यक्रम

आलु तरकारी तथा मसला विकास कार्यक्रम अन्तरगत विउ आलु आत्मनिर्भर कार्यक्रम, बेमौसमी तरकारी उत्पादन कार्यक्रम, अदुवा प्रबर्द्धन कार्यक्रम लगायत तरकारी एवं मसखाबाली संग सम्बन्धित अन्य कार्यक्रमहरु पर्दछन् । सबै क्षेत्रीय निर्देशनालयहरुवाट प्राप्त विवरण अनुसार लैङ्गिक विभेदी सहभागिताको अभिलेखिकरण गरी तालिका ७ मा प्रस्तुत गरिएकोछ । समग्रमा लाभान्वित कृषकहरुको संख्या ५८,५१३ देखिन्छ भने महिला कृषकहरुको सहभागिता ४४.१ प्रतिशत रहेको देखन्छ । सबै भन्दा कम महिला कृषकहरुको सहभागिता पूर्वाञ्चल क्षेत्रमा ३९.८ देखिएको छ भने बढी मध्य पश्चिमाञ्चल क्षेत्रमा ४९.७ प्रतिशत रहेको देखिन्छ (तालिका ७)।

**तालिकाः ७ जिल्लास्तरमा सञ्चालित आलु तरकारी तथा मसलाबालीका कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | १०३५४ | १५६६२ | २६०१६ | ३९.८ | ६०.२ | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ६३४९ | ६८८२ | १३२३१ | ४८.० | ५२.० | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | ४७०५ | ५११४ | ९८१९ | ४७.९ | ५२.१ | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | २१५९ | २१८५ | ४३४४ | ४९.७ | ५०.३ | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | २०६४ | ३०५७ | ५१२१ | ४०.३ | ५९.७ | १०० |
| | जम्मा/सरदर प्रतिशत | २५६३१ | ३२९०० | ५८५३१ | ४४.१ | ५४.९ | १०० |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

बागवानी विकास कार्यक्रम

बागवानी विकास कार्यक्रम अन्तरगत व्यवसायिक फलफूल उत्पादन पकेट क्षेत्र विस्तार व्यवसायिक फल प्रबर्द्धन कार्यक्रम, अभियानमूखि कागति उत्पादन कार्यक्रम, कफी विकास कार्यक्रम, बगैंचा सुपरीवेक्षण कार्यक्रमहरु लगायत सम्पर्ण वागवानी सम्बन्धि कार्यक्रमहरु पर्दछन् । सबै क्षेत्रीय निर्देशनालयहरुवाट प्राप्त विवरण अनुसार लैङ्गिक विभेदी सहभागिता समग्र बागवानी विकास

कार्यक्रममा कृषकहरुको संख्या ६५,६७३ देखिन्छ भने महिला कृषकहरुको सहभागिता ४७.७ प्रतिशत रहेको देखिन्छ । सबै भन्दा कम महिला कृषकहरुको सहभागिता पश्चिमाञ्चल क्षेत्रमा ४३.४ देखिएको छ भने बढी सुदुर पश्चिमाञ्चल क्षेत्रमा ५३.० प्रतिशत रहेको देखिन्छ (तालिका ८)।

**तालिकाः ८ जिल्लास्तरमा सञ्चालित वागवानी विकास कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ७७५ | ७९४ | १५६९ | ४९.४ | ५०.६ | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ३५४३ | ३९९० | ७५३३ | ४७.० | ५३.० | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | १७४४७ | २२७२४ | ४०१७१ | ४३.४ | ५६.६ | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | ६२६५ | ७५०३ | १३७६८ | ४५.५ | ५४.५ | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | १३९५ | १२३७ | २६३२ | ५३.० | ४७.० | १०० |
| | जम्मा/सरदर प्रतिशत | २९४२५ | ३६२४८ | ६५६७३ | ४७.७ | ५२.३ | १०० |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

## युवालक्षित कार्यक्रम

नेपाल सरकारवाट संचालित युवा लक्षित कार्यक्रम कार्यविधि अनुसार व्यवसायिक तरकारी उत्पादन कार्यक्रम विशेष गरेर युवाहरुलाई लक्षित गरी कार्यान्वयनमा ल्याइएको हो। यस कार्यक्रममा पनि क्षेत्रीय निर्देशनालयहरु वाट जिल्लावाट सञ्चालित युवा लक्षित कार्यक्रमहरुको लैङ्गिक विभेदी तथ्याँकहरु उपलब्ध भए अनुसार सो सम्बन्धि विवरण तालिका ९ मा प्रस्तुत गरिएको छ । समग्रमा लाभान्वित कृषकहरुको संख्या ५०५९ देखिन्छ भने महिला कृषकहरुको सहभागिता ३४.६ प्रतिशत मात्र रहेको देखिन्छ। सबै भन्दा कम महिला कृषकहरुको सहभागिता मध्य पश्चिमाञ्चल क्षेत्रमा १९.४ देखिएको छ भने बढी पश्चिमाञ्चल क्षेत्रमा ४८.० प्रतिशत रहेको देखिन्छ (तालिका ९)।

**तालिकाः ९ जिल्लास्तरमा युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ४७५ | ९०० | १३७५ | ३४.५ | ६५.५ | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ३८९ | ११२८ | १५१७ | २५.६ | ७४.५ | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | १२३ | १३३ | २५६ | ४८.० | ५२.० | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | २१७ | ८९९ | १११६ | १९.४ | ८०.६ | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ३६१ | ४३४ | ७९५ | ४५.४ | ५४.६ | १०० |
| | जम्मा/सरदर प्रतिशत | १५६५ | ३४९४ | ५०५९ | ३४.६ | ६५.४ | १०० |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

## कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रम

कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रममा उत्पादन पूर्वाधार र बजार सूचना प्रवाहमा लाभान्वित हुने कृषकहरुको सबै क्षेत्रीय निर्देशनालयहरुवाट प्राप्त विवरण अनुसार लैङ्गिक विभेदी सहभागिताको अभिलेखिकरण गरी तालिका १० मा प्रस्तुत गरिएकोछ । समग्रमा लाभान्वित कृषकहरुको संख्या ९३१६० देखिन्छ भने महिला कृषकहरुको सहभागिता ४३.७ प्रतिशत रहेको देखिन्छ । सबै भन्दा कम महिला कृषकहरुको सहभागिता पूर्वाञ्चल क्षेत्रमा ३९.७ देखिएको छ भने बढी मध्य पश्चिमाञ्चल क्षेत्रमा ४६.७ प्रतिशत रहेको देखिन्छ (तालिका १०)। सुदुर पश्चिमाञ्चलवाट सो कार्यक्रमको विवरण प्राप्त भएको छैन ।

**तालिकाः १० जिल्लास्तरमा कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | २१६५ | ३२८३ | ५४४८ | ३९.७ | ६०.३ | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | १९०२३ | २४०८४ | ४३१०७ | ४५.० | ५५.० | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | १८३६३ | २३८८४ | ४२२४७ | ४३.५ | ५६.५ | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | ११०२ | १२५६ | २३५८ | ४६.७ | ५३.३ | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | - | - | - | - | - | - |
| | जम्मा/सरदर प्रतिशत | ४०६५३ | ५२५०७ | ९३१६० | ४३.७ | ५६.३ | १०० |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

## बाली विकासका कार्यक्रम

जिल्लाहरुवाट सञ्चालित बाली विकासका कार्यक्रमहरुमा बालीसंग सम्बन्धित अभियान मूखि कार्यक्रमहरु पनि सामवेश गरिएको छ । यस अन्तरगत अभियान मूखि मकै भटमास उत्पादन कार्यक्रम, अभियानमुखि तेलहनबाली उत्पादन आयोजना, अभियान मूखि कोदो उत्पादन कार्यक्रम, मुसुरो उत्पादन प्रबर्द्धन कार्यक्रम, मध्य पहाडी बृहत्तर मकै उत्पादन कार्यक्रम, अभियानमूखि सुसुरो प्रबर्द्धन, अभियान मूखि तेलहन बाली विकास कार्यक्रम, उखुवाली विकास कार्यक्रमहरु समावेश गरिएको छन् र तालिका ११ मा विवरणहरु प्रस्तुत गरिएका छन् । समग्रमा लाभान्वित कृषकहरुको संख्या २,८७,७९७ देखिन्छ भने महिला कृषकहरुको सहभागिता ४५.१ प्रतिशत रहेको देखिन्छ । सबै भन्दा कम महिला कृषकहरुको सहभागिता पूर्वाञ्चल क्षेत्रमा ३१.२ देखिएको छ भने बढी पश्चिमाञ्चल क्षेत्रमा ५०.५ प्रतिशत रहेको देखिन्छ (तालिका ११)।

**तालिकाः ११ बाली विकास कार्यक्रम अन्तरगतका कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | ५५७५ | १२२६८ | १७८४३ | ३१.२ | ६८.८ | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ५४१०७ | ५५०४९ | १०९१५६ | ४९.६ | ५०.४ | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | ५७२४१ | ५६०९७ | ११३३३८ | ५०.५ | ४९.५ | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | ११३०२ | १२८०० | २४१०२ | ४६.९ | ५३.१ | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ११०५१ | १२३०७ | २३३५८ | ४७.३ | ५२.७ | १०० |
| | जम्मा/सरदर प्रतिशत | १३९२७६ | १४८५२१ | २८७७९७ | ४५.१ | ५४.९ | १०० |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

## मत्स्य विकासका कार्यक्रम

जिल्लाहरुवाट सञ्चालित मत्स्य विकासका कार्यक्रमहरुमा माछा सम्बन्धित अभियान मूखि कार्यक्रमहरु पनि सामवेश गरिएको छ । समग्रमा लाभान्वित कृषकहरुको संख्या ७,४२२ देखिन्छ भने महिला कृषकहरुको सहभागिता ४१.९ प्रतिशत रहेको देखिन्छ। सबै भन्दा कम महिला कृषकहरुको सहभागिता मध्य पश्चिमाञ्चल क्षेत्रमा ३४.२ देखिएको छ भने बढी सुदुर पश्चिमाञ्चल क्षेत्रमा ४९.९ प्रतिशत रहेको देखिन्छ (तालिका १२)।

**तालिकाः १२ मत्स्य विकास कार्यक्रम अन्तरगतका कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण**

| क्र.सं. | विकास क्षेत्र/क्षेत्रीय निर्देशनालयहरु | लाभान्वित कृषक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सहभागिता संख्या | | | सहभागिता प्रतिशत | | |
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | क्षेत्रीय कृषि निर्देशनालय, पूर्वाञ्चल | २७३ | ४२८ | ७०१ | ३९.० | ६१.० | १०० |
| २. | क्षेत्रीय कृषि निर्देशनालय, मध्यमाञ्चल | ८०० | ११०० | १९०० | ४२.१ | ५७.९ | १०० |
| ३. | क्षेत्रीय कृषि निर्देशनालय, पश्चिमाञ्चल | १०२९ | १२९६ | २३२५ | ४४.३ | ५५.७ | १०० |
| ४. | क्षेत्रीय कृषि निर्देशनालय, मध्य पश्चिमाञ्चल | ४३३ | ८३३ | १२६६ | ३४.२ | ६५.८ | १०० |
| ५. | क्षेत्रीय कृषि निर्देशनालय, सुदुर पश्चिमाञ्चल | ६१४ | ६१६ | १२३० | ४९.९ | ५०.१ | १०० |
| | जम्मा/सरदर प्रतिशत | ३१४९ | ४२७३ | ७४२२ | ४१.९ | ५८.१ | १०० |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त विवरणमा आधारित ।*

## समग्र जिल्लास्तर कृषि विकास कार्यक्रमहरु

जिल्लास्तरमा महिला र सिमान्त कृषकहरुको पहुँच भई उनीहरुको जिविकोपार्जन सुधारका लागि सञ्चालन भएका विभिन्न कार्यक्रमहरुको प्रगति विवरण र लैङ्गिक विभेदी सहभागितात्मक विवरणहरुलाई एक मुष्ठ रुपमा सम्पादन गरी ती कार्य्रमहरुमा लाभान्वित महिलाहरुको प्रतिशत चित्र ५ मा प्रस्तुत गरिएको छ। ती कार्यक्रमहरु मध्ये युवा लक्षित कार्यक्रमहरु वाहेक सम्पूर्ण जिल्लास्तरमा सञ्चालन हुने कृषि विकासका कार्यक्रमहरुमा महिला सहभागिता ४० प्रतशत भन्दा माथि भएको देखिन्छ भने युवा लक्षित कार्यक्रममा ३४.६ प्रतिशत मात्र लाभान्वित भएको देखिएकोछ । युवा लक्षित कार्यक्रममा स्कीम तयार गरी छनौटका आधारमा कृषकहरुलाई समावेस गराइने भएको हुँदा महिलाहरुको स्कीम तयारी सम्बन्धमा अनभिज्ञताको कारण पहँच कम भएको हुन सक्छ । जिल्लावाट सञ्चालन हुने बाली संरक्षण र व्यवसायिक कीट विकास सम्बन्धि कार्यक्रमहरुको लैङ्गिक सहभागिता विवरण प्रभावकारी रुपमा कुनै पनि क्षेत्रीय निर्देशनालयहरुवाट प्राप्त नभएका कारण समावेश गर्न सकिएन ।




चित्रः ५ समग्र जिल्लास्तर कृषि विकास कार्यक्रमहरुमा कार्यक्रमहरुमा लैङ्गिक सहभागिताको क्षेत्रगत विवरण

**कृषि विकास मन्त्रालय अन्तरगत सञ्चालनमा रहेका आयोजनाहरुमा लैङ्गिक, सामाजिक र आर्थिक समावेशीकरण**

कृषि विकास मन्त्रालय अन्तरगत विभिन्न आयोजनाहरु सञ्चालित छन् । ती आयोजनाहरुवाट सञ्चालन हुने अधिकांश कृषि विकासका कार्यक्रमहरु महिला तथा पिछडिएका बर्गहरुलाई लक्षित गरिएका छन् । ती आयोजनाहरुका लैङ्गिक समता तथा सामाजिक समावेशीकरणका मुद्दाहरुलाई संबोधन भएका उद्देश्यहरु तालिका १३ मा प्रस्तुत गरिएको छ । आयोजनाहरुवाट सञ्चालन हुने कार्यक्रहरुवाट भोगोलिक विपन्नता भएका क्षेत्रहरुका कृषकहरुको आयस्तर बढाउने, जिविकोपार्जन सुधार गर्ने, ग्रामिण परिवारको आयआर्जनमा बृद्धि गर्ने, साना किसानहरुलाई दिगो सेवा प्रदान गर्ने, कृषि उपजहरुको मूल्य श्रृङ्खलामा आबद्ध साना कृषक र कृषि उद्यमी एवं कृषि व्यवसायीको प्रतिष्पर्धात्मक क्षमता सुधार गर्ने, उच्च मूल्य जाने बालीको उत्पादन तथा बजारीकरणको माध्यमवाट साना तथा मझौला कृषकको आयस्तर बृद्धि गरी गरीबी न्यूनीकरणमा सहयोग पुर्याउने, खाद्य तथा पोषण सरक्षाका दृष्टीकोणवाट जोखिमपूर्ण समुदायको अवस्थामा कृषि र पशुजन्य उत्पादन र उत्पादकत्वमा बृद्धि तथा जिविकोपार्जनका आधारहरु सुदृढ गरी खाद्यवस्तुको उपलब्धता बढाउने खाद्य पोषण र सुरक्षामा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

आयोजना लागु भएका सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरुवाट प्राप्त लैङ्गिक, सामाजिक र आर्थिक सहभागिताको विवरण तालिका १४ मा प्रस्तुत गरिएको छ। आ.व. २०७०/७१को प्रगति विवरण अनुसार साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना (RISMFP) को कार्यक्रहरुमा अन्य आयोजनाहरुको तुलनामा प्रतिशतको आधारमा महिला कृषकहरु बढी लाभान्वित भएको देखिएको छ । यस आयोजनामा ५७.५ महिला कृषकहरु लाभान्वित भएका छन् ।तर संख्यात्मक आधारमा खाद्य संकट संबोधन आयोजना (FCRP) वाट सबै भन्दा बढी कृषकहरु ५४,१७९ (महिला २८,२४८) र (पुरुष २५,९३१) लाभान्वित भएका छन् । आयोजनाका कार्यक्रमहरुमा सामाजिक र आर्थिक समावेशीकरणलाई विश्लेषण गर्दा एकीकृत बाली उत्पादन तथा जल व्यवस्थापन आयोजना (IWRMP) वाट सबै भन्दा बढि दलित ४,७४०

र खाद्य संकट संबोधन आयोजना (FCRP) सबै भन्दा बढि जनजाति (१७,८६६) लाभान्वित भएका छन् । त्यसैगरी IWRMP वाट सबैभन्दा बढी विपन्न वर्ग (१०,११४) लाभान्वित भएका छन् (तालिका १४)।

**तालिकाः १३ आयोजनाहरुमा कृषि विकासका कार्यक्रमहरुमा समेटिएका लैङ्गिक, सामाजिक र आर्थिक समावेशीकरण मुद्दाहरु**

| आयोजनाको नाम | लैङ्गिक, सामाजिक र आर्थिक समावेशीकरण मुद्दाहरु सम्बन्धित उद्देश्यहरु |
|---|---|
| उच्च पहाड कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार आयोजना (HIMALI) | उच्च पहाडी जिल्लाका कृषकहरुको आयस्तर बढाउने र दिगो जिविकोपार्जन सुधार गर्ने |
| किसानका लागि उन्नत बीउ विजन (KUBK) | दिगो बजारका लागि कृषि उत्पादनमा बृद्धि गर्दै ग्रामिण परिवारको आयआर्जनमा बृद्धि गर्ने<br><br>साना किसानहरुलाई दिगो सेवा प्रदान गर्ने, ग्रमिण संस्थाहरुको क्षमता मजबुत र सबलिकरण गर्ने |
| व्यवसायिक कृषि तथा व्यापार आयोजना (PACT) | ग्रामिण क्षेत्रको कृषि विकासका लागि नर्दिष्ट कृषि उपजहरुको मूल्य श्रृङ्खलामा आबद्ध साना कृषक र कृषि उद्यमी एवं कृषि व्यवसायीको प्रतिष्पर्धात्मक क्षमता सुधार गर्ने |
| उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) | ग्रामिण भेगका गरीव कृषक विशेष गरी महिला कृषक र सिमान्तकृत कृषकहरुलाई उच्चमूल्य कृषि वस्तु, गैर काष्ठ वन पैदावर र जडीबुटी का मूल्य श्रृङ्खलामा सशक्तीकरण गर्ने र बजारिकरणको क्षमतामा सुधार ल्याई आयआर्जन रोजगारको अवसर सृजना गर्ने |
| साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना (RISMFP) | उच्च मूल्य जाने बालीको उत्पादन तथा बजारीकरणको माध्यमवाट साना तथा मझौला कृषकको आयस्तर बृद्धि गरी गरीबी न्यूनीकरणमा सहयोग पुर्याउने |

| | |
|---|---|
| नेपाल कृषि तथा खाद्य सुरक्षा आयोजना (NAFSP) | खाद्य तथा पोषण सरक्षाका दृष्टीकोणवाट जोखिमपूर्ण समुदायको अवस्थामा कृषि र पशुजन्य उत्पादन र उत्पादकत्वमा बृद्धि तथा जिविकोपार्जनका आधारहरु सुदृढ गरी खाद्यवस्तुको उपलब्धता बढाउने खाद्य पोषण र सुरक्षामा सुधार ल्याउने । |
| खाद्य संकट संबोधन आयोजना (FCRP) | विशेष गरी खाद्यान्न न्यून भएका मध्य पहाडी र हिमाली क्षेत्रका गरिव तथा साना किसानहरुलाई प्रत्यक्ष राहत पुर्याउने, साना सिंचाई मर्मत तथा विस्तार रासायनिक मल तथा उन्नत बीउ विजनमा ढुवानी सहयोग तथा उन्नत बीउको प्रयोग एवं माटो सुधार कार्यक्रमवाट कृषि उत्पादन तथा उत्पादकत्व मा बद्धि गर्ने |
| एकीकृत बाली उत्पादन तथा जल व्यवस्थापन आयोजना (IWRMP) | विपन्न समुदाय लाई लक्षित आयआर्जन कार्यक्रम सामाग्री वितरण (मौरी पालन, च्याउ खेति वितरण र तरकारी खेति) |

**तालिकाः १४ आयोजनाहरुका कार्यक्रमहरुमा लैङ्गिक सामाजिक र आर्थिक समावेशीकरण आ.व. २०७०/७१**

| क्र.सं. | आयोजनाहरु | लाभान्वित कृषक संख्या | | | | | | | कूल सहभागिता | महिला सहभागिता प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लैङ्गिक सहभागिता | | सामाजिक समावेशी | | | आर्थिक समावेशी | | | |
| | | महिला | पुरुष | दलित | जनजाति | अन्य | विपन्न | अन्य | | |
| १. | HIMALI | ५०९८ | ११६१० | १८१८ | ८९०२ | ५९८८ | ३५०८ | १३२०० | १६७०८ | ३०.१ |
| २. | KUBK | २३१६ | २०४७ | ५७८ | ९६० | २८२५ | ९३० | ३४३३ | ४३६३ | ५३.१ |
| ३. | PACT | ७५६ | ५९० | ७५ | ५५७ | ७१४ | १५१ | ११९५ | १३४६ | ५६.२ |
| ४. | HVAP | १२००७ | ११३०८ | ७८५ | ५०९ | २४४६ | | | २३३१५ | ५१.५ |
| ७. | PPCR | १९ | १४३ | १ | ६३ | १०३ | | | १६७ | १३.४ |
| ८. | RISMFP | २१९९५ | १६२३१ | ३७०८ | १७०२१ | १७४९७ | २९८२ | ३५२४४ | ३८२२६ | ५७.५ |
| ९. | NAFSP | ३२५७ | ३५२६ | ७४१ | १५३५ | ४५०७ | २९६० | ३८२४ | ६७८३ | ४८.० |
| १०. | FCRP | २८२४८ | २५९३१ | २३२७ | १७८६६ | ३३९८६ | ४१०९ | ५००७० | ५४१७९ | ५२.१ |
| ११. | IWRMP | १८९०१ | १९९८२ | ४७४० | १२७०२ | २१०६३ | १०११४ | २७४९७ | ३८८८३ | ४८.६ |

*स्रोतःसम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयहरु/आयोजनाहरुवाट प्राप्त विवरणमा आधारित*

# पशुसेवा कार्यक्रमहरूमा लैङ्गिक सहभागिता

कृषि विकास मन्त्रालय अन्तरगत जिल्ला स्तरमा जिल्ला पशुसेवा कार्यालय मार्फत कार्यान्वयन हुने पशुसेवा सम्बन्धी कार्यक्रमहरुलाई लैङ्गिक मूल प्रवाहीकरण गर्न महिला र पुरुष दुवैको सहभागितालाई लक्षित गरी कार्यक्रमहरु तर्जुमा गरिएका भएता पनि सबै क्षेत्रीय निर्देशनालयहरुवाट लैङ्गिक सहभागिताको विवरण प्राप्त हुन सकेन । पशुसेवा प्रसारका कार्यक्रमहरुमा मात्र लैङ्गिक सहभागिताको विवरणहरु प्राप्त भएका र ती कार्यक्रमहरुमा पनि एक रुपता नदेखिएका कारण खाद्य सुरक्षा तथा वातावरण महाशाखाको लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखामा प्राप्त विवरणहरुका आधारमा क्षेत्रगत रुपमा बेग्लाबेग्लै लैङ्किक सहभागिताको विश्लेषण गरिएको छ ।

**क्षेत्रीय पशुसेवा निर्देशनालय सुदुर पश्चिमाञ्चल क्षेत्रको आ.व. २०७०/७१को जिल्लास्तरमा सञ्चालित पशुसेवा प्रसार कार्यक्रमहरु**

पशु स्वास्थ्य कार्यक्रम

पशु उपचार सेवा, मेडिकल उपचार सेवा, माइनर सर्जिकल उपचार सेवा, गाइनोकोलोजिकल उपचार सेवा, प्रयोगशाला सेवा, पशुस्वास्थ्य शिविर, बाँझोपन निवारण शिविर, पशुस्वास्थ्य घुम्ति शिविर, तालिम / गोष्ठी / समीक्षा / अन्तरकृया / दिवस/ भ्रमण / प्रशारण / प्रकाशन, जुनोटिक रोग वारे जनचेतना गोष्ठी, क्षेत्रीयस्तर कृषक तालिम, सेवाकेन्द्र स्तरीय तालिम, उपचाररपरजिवि नियन्त्रण/खोप, बाख्राको स्रोत केन्द्र स्थापना, बोका वितरण, डेरी पकेट स्थापना, गाई साँढे वितरण तथा गोठ सुधार, समुह/समिति गठन, घाँसको स्रोतकेन्द्र स्थापना, पशु आहारा सेवा, नेपियर सेट्स वितरण, नेपियर/अमृसो/मुलाटो सेट्स वितरण, अमृसो वितरण, वर्षे/बहुवर्षे घाँसको बीउ वितरण, कुखुरा विकास कार्यक्रम, कृत्रिम गर्भाधान कार्यक्रम, प्रकृतिक गर्भाधान सेवा, स्थानीय गाईभैंसीमा एककालिन कृत्रिम गर्भाधान, जैविक विविधता संरक्षण, गाई पालन कार्यक्रम अन्तरगत उन्नत गाई खरिद सहकार्य, च्यापकटर वितरण, गोठ सुधार अनुदान, प्रकृतिक गर्भाधान सेवा आदि कार्यक्रमहरु संचालित छन् ।

सामुदायिक पशु विकास कार्यक्रम

सामुदायिक विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम भित्र जिल्लास्तरीय तीन दिने तालिम, स्वच्छकर मासु उत्पादन तथा उपभोग विषयक अन्तक्रियात्मक कार्यक्रम, दुध उत्पादक, दुग्ध व्यवसायी, सहकारीसंग स्वच्छ दुध उत्पादन तथा उपभोग विषयक अन्तरक्रियात्मक कायर्क्रम, ल्याट बैठक, जिल्लास्तरीय गाई भैंसीपालन तालिम, बाख्रपालन तालिम, पशु आहारा तालिम, स्थलगत तालिम अन्तरगत गाईभैंसीपालन तालिम, बाख्रपालन तालिम, घाँस विकास तालिम, पशु उत्पादक तत्व सुधार कार्यक्रम, पशु आहार सेवा हिउँदे घाँसको बीउ वितरण अन्तरगत हिउँदे जै घाँसको बीउ वितरण, समूह/समिति फलोअप, भेच घाँसको बीउ वितरण, वर्षे घाँस विकास (टियोसेन्टी, बाजरा), नेपियर, मुलाटो, पास्पालम,सुम्भासेटेरिया, स्टाइलो, मूलाटी, ज्वाइन्ट भेच आदि, वर्षे घाँसको प्याकेज वितरण, डालेघाँसको विरुवा वितरण, सेवा केन्द्र स्तररस्थलगत तालिम, उपचाररपरजिवी नियन्त्रणरखोप, बाख्रा पैंचो फलोअप (से.के. स्तर तालिम र उपचार), साझेदारी कार्यक्रम फार्म सुदृढीकरण, गोठ, खोर सुधार अनुदान (वाख्रा, बंगुर, गाई, भैंसी), पशु स्वास्थ्य शिविर, विपन्न समुदायमा आय आर्जन बाख्रा पालन कार्यक्रम अन्तरगत बोका तथा बाख्रा, खोर सुधार अनुदान, स्थलगत तालिम १ दिने, नेपियर, अमृसो वितरण, डाले घाँस वितरण, बंगुरपालन कार्यक्रममा बंगुरका पाठापाठी वितरण आदि ।

कबुलियति वन तथा पशु विकास कार्यक्रम

व्यवसायिक बाख्रापालन कार्यक्रम, विउ तथा विरुवा वितरण, बाख्रा स्रोत केन्द्र सुधार कार्यक्रम (चेन वेरर, डिपिङ ट्याँक वितरण) , आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण बोका तथा पाठा पाठीको लागि भ्याक्सिनेशन, औषधि खरिद, कार्यक्रमको उपलब्धि तथा आगामी दिनमा निरन्तरता बारे जिल्लास्तर अन्तरकृया गोष्ठी, घाँस उत्पादनको लागि मुलाटो, सुम्भासेटेरिया, ग्वाटेमाला, नेपियर, अमृसो, स्टाइलो आदिको स्लीप, सेट तथा विउ वितरण, कार्यक्रम संचालन अनुगमन सुपरीबेक्षण, व्यवसाय उन्मुख दुध उत्पादक कृषकहरुमा वर्षभरी पशु आहारा उत्पादन तथा व्यवस्थापनको लागि पशु

आहारा विकास कार्यक्रम, कार्यक्रम संचालन गोष्ठी र समितिलाई अनुदान, पशु आहारा विकास कार्यक्रम अन्तरगत सहकार्यमा च्यापकटर खरिद तथा वितरण, घाँसको बीउ तथा विरुवा र सेट्स खरिद तथा वितरण। पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तरगत सरेकारवालासंग अन्तरकृया प्रकाशन प्रशारण। कृषि तथा खाद्य सुरक्षा आयोजना कार्यक्रमहरु संचालनमा रहेका छन्।

सुदुर पश्चिमाञ्चल क्षेत्रीय पशुसेवा निर्देशनालय जिल्ला स्थित पशुसेवा प्रसार कार्यक्रममा आ.व. २०७०/७१मा प्राप्त भएको लैङ्गिक सहभागिता विवरण तथ्याँक सहित तालिका १५ मा प्रस्तुत गरिएको छ। कूल लाभान्वित कृषकहरु १०८५२३ छन् र महिला सहभागिता प्रतिशत ५३.२ रहेको छ। सुदुर पश्चिमाञ्चल क्षेत्रीय पशुसेवा निर्देशनालय जिल्लास्तर पशुसेवा कार्यक्रमहरुमा सामुदायिक पशु विकास कार्यक्रममा महिलाहरुको सहभागिता सबैभन्दा बढी ५९.८४ प्रतिशत रहेको देखिन्छ।

**तालिकाः १५ पशु सेवा प्रसार कार्यक्रममा लैङ्गिक सहभागिता सम्बन्धी विवरण सुदूरपश्चिमाञ्चल क्षेत्र, आ.व. २०७०/७१**

| क्र.सं. | सहभागिता (लाभान्वित कृषक संख्या) | | | | |
|---|---|---|---|---|---|
| | जिल्ला स्थित पशुसेवा प्रसार कार्यक्रम | महिला | पुरुष | जम्मा | महिला सहभागिता प्रतिशत |
| १ | पशु स्वास्थ्य कार्यक्रम | ३८०२१ | ४९३६३ | ८७३८४ | ४३.५१% |
| २ | सामुदायिक पशु विकास कार्यक्रम | ५११५ | ७६२४ | १२७३९ | ५९.८४% |
| ३ | कबुलियति वन तथा पशु विकास कार्यक्रम | ४७२५ | ३६७५ | ८४०० | ५६.२५% |
| | कूल सहभागिता | ४७८६१ | ६०६६२ | १०८५२३ | ५३.२% |

*स्रोतःसुदुर पश्चिमाञ्चल क्षेत्रीय पशुसेवा निर्देशनालयवाट प्राप्त विवरणमा आधारित*

**क्षेत्रीय पशुसेवा निर्देशनालय पश्चिमाञ्चल क्षेत्रको आ.व. २०७०/७१को जिल्लास्तरमा सञ्चालित पशुसेवा प्रसार कार्यक्रमहरु**

पश्चिमाञ्चल क्षेत्रका जिल्लाहरुमा संचालित पशुसेवा अन्तरगत पशु स्वास्थ्य कार्यक्रमहरु जस्तै पशुपंक्षी उपचार, परजीवि नियन्त्रण, भ्याक्सीनेशन सेवा

पशु प्रजनन कार्यक्रम(यस कार्यक्रम अन्तरगत गाई/भैंसीमा कृत्रिम गर्भाधान कार्यक्रम पशुपंक्षी वितरण गाई/भैंसी, बोका, बाख्रा, कुखुरा वितरण सम्बन्धी कार्यक्रमहरु पशु आहारा सेवा हिउँदे/बहुवर्षे घाँस लगाउने तालिम कार्यक्रम जिल्ला क्षेत्रीयस्तर कृषक तालिम कृषक समूह सिमति गठन तथा समाजपरिचालन आदि कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । जिल्ला स्थित पशुसेवा कार्यक्रमहरु र ती कार्क्रमहरुमा लाभान्वित हुने महिला पुरुष र कूल कृषकको तथ्याँक सहित सहभागिता प्रतिशत तालिका १६ मा प्रस्तुत गरिएको छ ।

**तालिकाः १६ पशु सेवा प्रसार कार्यक्रममा लैङ्गिक सहभागिता सम्बन्धी विवरण पश्चिमाञ्चल क्षेत्र, आ.व. २०७०/७१**

| क्र.सं. | सहभागिता (लाभान्वित कृषक संख्या) | | | | |
|---|---|---|---|---|---|
| | जिल्ला स्थित पशुसेवा कार्यक्रम | महिला | पुरुष | जम्मा | महिला सहभागिता प्रतिशत |
| १ | पशु स्वास्थ्य कार्यक्रम | १७३१४६ | २१०१६० | ३८३३०६ | ४५.१७ |
| २ | पशु प्रजनन कार्यक्रम | १७७२२ | २५३३४ | ४३०५६ | ४१.१६ |
| ३ | पशुपंक्षी वितरण कार्यक्रम | ३४३७ | २०७९ | ५५१६ | ६२.३० |
| ४ | पशु आहारा सेवा कार्यक्रम | १९९६३ | २८१२८ | ४८०९१ | ४१.५१ |
| ५ | तालिम कार्यक्रम | १२२१६ | १२७२६ | २४९४२ | ४८.९७ |
| ६ | कृषक समूह समिति गठन | १९४६ | १५५२ | ३४९८ | ५६.०३ |
| ७ | समाज परिचालन | १८२० | १६१४ | ३४३४ | ५२.९९ |
| | कूल सहभागिता | २३०२५० | २८१५९३ | ५११८४३ | ४४.९८ |

*स्रोतः पश्चिमाञ्चल क्षेत्रीय पशुसेवा निर्देशनालयवाट प्राप्त विवरणमा आधारित*

कबुलियत वन तथा पशु विकास कार्यक्रम, बृहत्तर पकेट प्याकेज कार्यक्रम, सहकारी खेति बंगुर र कुखुरा आनुबंशिक स्रोत संरक्षण, (सिराहा), उच्च पहाड जिविको पार्जन सुधार (सोलु र संखुवासभा), पि.पि. आर रोग नियन्त्रण व्यवसायिक कार्यक्रम, कृषि तथा व्यापार आयोजना, खर्क विकास कार्यक्रम, पाडा हुर्काउने कार्यक्रम, राष्ट्रिय चरण तथा पशु आहार कार्यक्रम ,राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, केन्द्रिय गाई भैंसी प्रबर्द्धन कार्यक्रम तथा बाख्रा स्रोत विकास कार्यक्रम (सप्तरी), अति विपन्न वर्गहरुलाई लक्षित विशेष कार्यक्रम (तेह्रथुम र

ताप्लेजुङ्ग) आदि छन् । अति विपन्न वर्गहरुलाई लक्षित विशेष कार्यक्रम अति विपन्न समुदाय (pro poor community) आर्थिक तथा जमिनको स्वामित्वको हिसावले स्रोत विहिन तथा सिमित स्रोत भएका महिला, मुक्त कमैया, दलित, जनजातिहरुलाई कृषि र पशु सेवा वाट टाडा रहेका समुदायलाई आवद्ध गराई उनीहरुको जिवनस्तर तथा आर्थिक स्तरमा केहि परिवर्तन ल्याउने सोच राखि नेपाल सरकारको २०६२/३/३१ को निर्णय भई पूर्वाञ्चलको तेह्रथुम र ताप्लेजुङ्ग जिल्लामा लागु भएको कार्यक्रम हो । अति विपन्न समुदायलाई समूह र समिति मार्फत कृषि र पशुसेवा कार्यक्रममा सेवा पुर्याउने लक्ष्य राखेको छ । यस क्षेत्रवाट यी सबै कार्यक्रममा लैंङ्गिक सहभागिता झल्कने गरी विवरण प्रापत भएको छैन । तथापि जिल्लाहरुमा सञ्चालित केही कार्यक्रमहरुमा लैङ्गिक र सामाजिक समावेशीकरण सम्बन्धी सहभागिता पाइएको छ । पशुसेवा अन्तरगत १८३४ वटा विभिन्न स्तरमा सञ्चालित तालिम कार्यक्रममा लैङ्गिक र सामाजिक समावेशीकरणको विवरण तालिका १७ मा प्रस्तुत गरिएको छ ।

**तालिकाः १७ पूर्वाञ्चल क्षेत्रीय पशुसेवा निर्देशनालयको आ.व.२०७०र७१मा सम्पन्न पशु सेवा तालिमको लैङ्गिक विवरण**

| तालिमको किसिम | जम्मा तालिम संख्या | सहभागिता | | | | |
|---|---|---|---|---|---|---|
| | | लैङ्गिक | | सामाजिक | | |
| | | महिला | पुरुष | आदिवासी/जनजाति | दलित | अन्य |
| सेवा केन्द्रस्तर अगुवा कृषक तालिम | १६१६ | ५७५३ | ६५२१ | ५४९३ | १२९२ | ५४१२ |
| जिल्लास्तर अगुवा कृषक तालिम | २४ | ३४३ | ३६५ | २७४ | ६६ | ३६९ |
| क्षेत्रीयस्तर अगुवा कृषक तालिम | १९४ | ४४ | १८४ | ९२ | १७ | १०९ |
| जम्मा | १८३४ | ६१४० | ७०७० | ५८५९ | १३७५ | ५८९० |

*स्रोतःपूर्वाञ्चल क्षेत्रीय पशुसेवा निर्देशनालयवाट प्राप्त विवरणमा आधारित ।*

त्यस्तै बृहत्तर पकेट प्याकेज कार्यक्रम अन्तरगत एकै किसिमको गाई, भैंसी, भेडा बाख्रा,बंगुर आदि पशुजन्य वस्तुले ठूलो क्षेत्र ओगट्ने गरी फैलिएको र उत्पादन उत्पादकत्व प्रशोधन बजार विकास एवं विस्तारका अवसरहरु प्रचुर मात्रामा

रहेको अवस्थालाई मध्येनजर गर्दै बृहत्तर पकेटको अवधारणाले एक गाउँ एक उत्पादनको अवधारणालाई समेत आत्मसात गरी उत्पादनमा बृद्धि ल्याउने, स्वरोजगार तथा आय आर्जनको अवसरमा अभिबृद्धि गर्ने, पशुजन्यउत्पादनको गुणस्तमा सुधार ल्याउने र पशुजन्य उत्पादनलाई विविधिकरण र विशिष्टिकरण गर्ने उद्देश्यले बृहत्तर पकेट प्याकेज कार्यक्रम सिराहा र सप्तरीमा भैंसी, इलाम र मोरङ्गमा गाई र सुनसरीमा बंगुर पकेट प्याकेज कार्यक्रम कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमले कृषकहरुलाई व्यवसायिक पशुपालक कृषकमा परिणत गरि बृहत्तर व्यवसाय समिति गठन गरी कार्यक्रम सञ्चालन गरिएको छ र सो समितहरुमा लैङ्गिक सहभागिताको विवरण देहाय बमोजिम तालिका १८ मा प्रस्तुत गरिएको छ । महिलाहरुको सहभागिता सबैभन्दा बडी बृहत्तर पकेट प्याकेज कार्यक्रम(बंगुर सुनसरी कार्यक्रम सम्बन्धि खडा गरिएको समितिमा ७२. ८ प्रतिशत  रहेको छ भने सबैभन्दा कम बृहत्तर पकेट प्याकेज कार्यक्रम गाई ईलाम कार्यक्रम सञ्चालनका लागि गठन गरिएको समितिमा २१.२ प्रतिशत महिला सहभागिता रहेको पाइएको छ ।

**तालिकाः १८ पूर्वाञ्चल पशुसेवा निर्देशनालय बृहत्तर पकेट प्याकेज कार्यक्रम अन्तरगत समूहरसमितिमा लैङ्गिक सहभागिता**

| क्र.सं. | बृहत्तर कार्यक्रम | जिल्ला | समूह/समिति संख्या | लैङ्गिक सहभागिता | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | पुरुष | महिला | महिला प्रतिशत |
| १ | बृहत्तर पकेट प्याकेज कार्यक्रम-गाई | इलाम | ३६ | ५०५ | ३९८ | १०७ | २१.२ |
| २ | बृहत्तर पकेट प्याकेज कार्यक्रम-गाई | मोरङ्ग | २३ | ८०१ | ३८२ | ३१९ | ३९.८ |
| ३ | बृहत्तर पकेट प्याकेज कार्यक्रम-भैंसी | सिराहा | ८ | २०० | १४५ | ५५ | २७.५ |
| ४ | बृहत्तर पकेट प्याकेज कार्यक्रम-भैंसी | सप्तरी | १५ | ३०० | २१० | ९० | ३० |
| ५ | बृहत्तर पकेट प्याकेज कार्यक्रम-बंगुर | सुनसरी | | ५०० | १३६ | ३६४ | ७२.८ |

*स्रोतः पूर्वाञ्चल क्षेत्रीय पशुसेवा निर्देशनालयवाट प्राप्त विवरणमा आधारित ।*

# खाद्य प्रविधिका कृयाकलापहरु र लैङ्गिक सहभागिता

कृषि जन्य उत्पादनहरुको उत्पादनोपरान्त गरिने प्रशोधन प्रविधि र ती उत्पादनहरुको प्रशोधित वस्तुहरु तयार गर्ने प्रविधिवारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तरगतका क्षेत्रीय स्तरका कार्यालयहरुवाट सालवसाली रुपमा विभिन्न किसिमका तालिमका कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । खाद्य प्रविधि र प्रशोधनका तालिम कार्यक्रममा खाद्य प्रशोधन तालिम, SPS/GAP (Sanitory and Phytosanitory/Good Agriculture Practice), नेपाल व्यापार एकिकृत रणनीति कृषि कार्यक्रमको अदुवा प्रशोधन, तालिम स्याउ तथा अन्य फलफूल र तरकारी प्रशोधन तालिम तथा खाद्य पोषण सम्बन्धि तालिम कार्यक्रम सञ्चालन हुँदै आएका छन् । आ. व. २०७०/७१मा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट सञ्चालित तालिम कार्यक्रमहरुवाट लाभान्वित कृषकहरु र लैङ्गिक विभेदी सहभागितात्मक विवरण तालिका १९ मा प्रस्तुत गरिएको छ । समग्र तालिम कार्यक्रममा ७४२ (७१.६ प्रतिशत) महिलाहरुको सहभागिता रहेको र खाद्य प्रशोधन प्रविधि तालिम कार्यक्रममा (७६.८ प्रतिशत) र खाद्य पोषण तालिम कार्यक्रममा (६६.४ प्रतिशत)महिला सहभागिता रहेको पाइएको छ । यस कार्यक्रममा महिलाहरुको सहभागिता प्रशंसनीय देखिएको छ । कृषि जन्य प्रशोधित उत्पादनहरुमा महिलाहरु बढी आकर्षित हुने र उनीहरुको घरायसी प्रशोधन सम्बन्धी कृयाकलापमा थप ज्ञान र शीपको अवसर प्राप्त हुने तथा स्वरोजगारका अवसरहरु सीर्जना भई आयआर्जनमा बृद्धि हुने सम्भावना देखिएको छ ।

**तालिकाः १९ खाद्य प्रविधि प्रशोधन तालिम कार्यक्रम अन्तरगत समूह/समितिमा लैङ्गिक सहभागिता आ.व. २०७०/७१**

| क्र सं | तालिमको किसिम | लाभान्वित कृषक लैङ्गिक सहभागिता | | | महिला सहभागिता प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | खाद्य प्रशोधन प्रविधि तालिम | २५८ | ७८ | ३३६ | ७६.८ |
| २ | खाद्य पोषण तालिम | २७१ | १३५ | ४०८ | ६६.४ |
| | कूल सहभागिता | ५२९ | २१६ | ७४२ | ७१.६ |

*स्रोतः खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट प्राप्त विवरणमा आधारित ।*

# ३४औं विश्व खाद्य दिवस, २०७१

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनको आह्वानमा संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन स्थापना भएको दिनको संझनामा अक्टोवर १६ लाई विश्व खाद्य दिवसको रुपमा मनाइन्छ । यस वर्ष अक्टोवर १६, २०१४ मा "अन्तराष्ट्रिय पारिवारिक खेती वर्ष" "को रुपमा" पारिवारिक खेतिः सबैलाई खुवाऔं, पृथ्वीलाई जोगाऔं "भन्ने नारा सहित विश्वभर मै ३४औं विश्व खाद्य दिवस मनाइयो । सो दिवस नेपालमा पनि कृषि विकास मन्त्रालय, कृषि विभाग र पशुसेवा विभागवाट विभिन्न कार्यक्रम सहित कृषि जन्य उत्पादन, प्रशोधन, विक्रिवितरणका क्षेत्रमा उत्कृष्टता हासिल गर्ने १०० भन्दा बढी कृषक, कृषक समूह एवं व्यवसायिक संघ-संस्थाहरुलाई पुरस्कृत एवं सम्मानित गरी मनाईयो ।

विश्वमा ५० करोड भन्दा बढी परिवारहरु पारिवारिक खेतिमा आश्रित भई विश्व कै खाद्य पोषण र सुरक्षा सुनिश्चित गर्न उत्पादन कार्यमा प्रयाशरत छन् भने अधिकांश रुपमा यही परिवार नै खाद्य असुरक्षाको मारवाट  पिडित छन् । पारिवारिक खेतिमा आधारित कृषकहरु भौगोलिक विकटता एवं ग्रामिण क्षेत्रमा बसोवास गर्ने हुँदा उनीहरुको नीति निर्माण लगायत कृषि उत्पादन सामग्रीमा पहुँच न्यून रहन्छ। पारिवारिक खेतिमा संलग्न रही जिविकोपार्जन गर्ने र विश्वको खाद्य सुरक्षाको केही अंश थेग्ने ग्रामिण र सिमान्त कृषकहरुलाई उपयुक्त नीति, कृषि उत्पादन सामग्रीमा सरल पहुँच, बैज्ञानिक उत्पादन एवं प्रशोधन, प्रविधि, सुलभ ऋण र बीमा, सरल र सहज कृषि बजार लगायत प्राविधिक सेवाहरु उपलब्ध गराई समेट्न सकिएमा उनीहरुको उत्पादनशील क्षमतामा अपेक्षाकृत बृद्धि हुने र कृषक्षेत्रको दिगो विकास हुने निश्चित देखिन्छ ।

नेपालको सन्दर्भमा अधिकांश कृषकहरु साना सिमान्तकृत र मझौला रहेकाले उनीहरुको सम्पूर्ण कृषि कर्म पारिवारिक श्रममा आश्रित रहेको र साना बालबालिकाहरुले समेत कृषि श्रममा योगदान पुर्याउनु पर्ने बाध्यता रहन्छ । यी कृषकहरुले भरण पोषणका लागि खाद्यान्न लगायत अन्य उत्पादनमा

संलग्न रहनुका साथै घाँस दाउरा पानीको उपभोक्ताको हैसियतले स्थानीय प्राकृतिक स्रोत साधनको उचित स्याहार संभार संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी समेत निर्वाह गर्नु पर्ने हुन्छ। तथापि जनसंख्याको बढ्दो चाप मानव निर्मित कारणवाट भैरहेको प्राकृतिक स्रोत र सम्पदाको विनासले गर्दा यस्ता सम्पदाको स्याहार, संभार, संरक्षण र व्यवस्थापन र उपयोग गर्न ग्रामीण कृषक परिवारमा ठूलो चुनौति देखिन थालेको परिप्रेक्षलाई मध्ये नजर गर्दै यस वर्षको विश्व खाद्य दिवसको संदेश " पारिवारिक खेतिः सबैलाई खुवाऔं, पृथ्वीलाई जोगाऔं " भन्ने नारा नेपालको सन्दर्भमा अझै सान्दर्भिक र महत्वपूर्ण देखिन आउँछ।

## ३४औं विश्व खाद्य दिवसमा राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत महिला कृषक/कृषक समूहहरु

महिला कृषक समूह/समितिहरुलाई मात्र लक्षित प्रतियोगिताहरु

महिला कृषक समूह/समितिहरुलाई मात्र लक्षित गरी कृषि प्रसार निर्देशनालय र पशु पंक्षीबजार प्रबर्द्धन निर्देशनालयको सिफारिशमा क्रमशः कृषि विकास र पशुसेवा तर्फ दुवै क्षेत्रको पाँचवटै विकास क्षेत्रवाट प्रतिनीधित्व रहने गरी जम्मा १० वटा उत्कृष्ट महिला कृषक समूह/समितिहरुलाई पुरस्कार स्वरुप प्रति समूह/समितिहरुलाई रु. १०,०००/- (प्रति विकास क्षेत्र रु.२०,०००/-) का दरले कूल रु. १,००,०००/- बरावरको धनरासि उपलब्ध गराई महिला कृषक/समूह/समितहरुलाई पुरस्कृत गरियो (तालिका २०)।

महिला कृषकहरुलाई कृषि सामग्रीहरु, प्रविधि, तालिम, प्राविधिक सेवा, लगायत अन्य आवश्यक योगदान पुर्याए वापत (तालिका २१) मा उपलब्ध विवरण अनुसार भौगोलिक क्षेत्र र जिल्लागत रुपमा जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशुसेवा कार्यालयका प्रमूखलाई शिल्ड प्रदान गरी उत्कृष्ट घोषणा गरिएको थियो।

**तालिकाः २० पाँच विकास क्षेत्रवाट पुरस्कृत महिला कृषक समूह/समितिहरुको क्षेत्रगत/जिल्लागत विवरण**

| क्र.सं | कृषकको समूह/समितिहरु | | विकास क्षेत्र | जिल्ला | | पुरस्कार रकम रुपैयाँ |
|---|---|---|---|---|---|---|
| | कृषि विकास कार्यक्रम | पशुसेवा कार्यक्रम | | कृषि विकास | पशुसेवा | |
| १ | आदर्श महिला बहुमुखी कृषक समूह | श्री महिला स्वाबलम्बन कार्यक्रम समिति | पूर्वाञ्चल | सुनसरी | झापा | २०,०००/- |
| २ | डोकाथली महिला कृषक समूह | नवकोपिला महिला समूह | मध्यमाञ्चल | भक्तपुर | चितवन | २०,०००/- |
| ३ | धौलागिरी महिला कृषक समूह | रुप्से बृहत्तर बाख्रापालन समूह | पश्चिमाञ्चल | मुस्ताङ्ग | म्याग्दी | २०,०००/- |
| ४ | सृजना महिला कृषक समूह | जलजला महिला व्यवसायिक बाख्रापालन मूल समिति | मध्य पश्चिमाञ्चल | बर्दिया | दाङ्ग | २०,०००/- |
| ५ | बर्दिया र चक्का महिला कृषक समूह | उन्नतशील नमूना भैंसीपालन समूह | सुदुरपश्चिमाञ्चल | कञ्चनपुर | कञ्चनपुर | २०,०००/- |
| ६ | कूल जम्मा | | | | | १,००,०००/- |

*स्रोतः विश्व खाद्य दिवस, २०७१, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग, हरिहरभवन ।*

**तालिकाः २१ महिला कृषकहरुलाई योगदान पुऱ्याए बापत सम्मानित जिल्ला कृषि विकास/जिल्ला पशुसेवा कार्यालयहरु**

| क्रसं | महिला कृषकहरुलाई योगदान पुऱ्याउने जिल्ला तथा लैङ्गिक विश्लेषण | | | | भौगोलिक क्षेत्र | पुरस्कार किसिम |
|---|---|---|---|---|---|---|
| | कृषि विकास कार्यालय | पशुसेवा कार्यालय | महिला | पुरुष | | |
| १ | बर्दिया | झापा | | २ | तराई | शिल्ड |
| २ | पाल्पा | डोटी | | २ | मध्यपहाड | शिल्ड |
| ३ | जुम्ला | रसुवा (डा. लुना गंगोल) | १ | १ | उच्चपहाड | शिल्ड |
| | | | | | | |

*स्रोतः विश्व खाद्य दिवस, २०७१, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग, हरिहरभवन ।*

समग्र कृषक / कृषक समूह / सहकारी / समिति / संघ / संस्था / कम्पनी तर्फको प्रतियोगिताहरु

कृषि विभाग अन्तरगत कृषि प्रसार निर्देशनालय, फलफूल विकास निर्देशनालय, बाली विकास निर्देशनालय, पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय, बाली संरक्षण निर्देशनालय, व्यवसायिक कीट विकास निर्देशनालय, मत्स्य विकास निर्देशनालय र राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय तथा मत्स्य विकास कार्यक्रम, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड, बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारिशमा जम्मा रु. ६,०४,०००/- धनरासि वरावरको पुरस्कार वितरण प्रतियोगिता आयोजना गरिएको थियो। पशुसेवा विभाग अन्तरगत पशु उत्पादन निर्देशनालय, पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय र राष्ट्रिय चरन तथा पशु आहार केन्द्रको सिफारिशमा जम्मा रु. २,३४,०००/- धनरासि वरावरको पुरस्कार वितरण प्रतियोगिता आयोजना गरिएको थियो ।

समग्र कृषक/कृषक/समूह/सहकारी/समिति/संघ/संस्था/कम्पनी/व्यापारी तर्फको प्रतियोगिता र प्राप्त पुरस्कारको लैङ्गिक विभेदीकरण सहित तालिका २२ मा प्रस्तुत गरिएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना गरी पुरस्कारलाई चार किसिमले बर्गिकरण गरिएको र बर्गिकरण अनुसार पुरस्कारको रकम क्रमशः रुपैया १०,०००/- ८,०००/- ६,०००/- ४,०००/- राखिएको थियो। प्रतियोगितामा प्राप्त पुरस्कारको लैङ्गिक विभेदीकरणको विश्लेषण गर्दा समग्र कृषक/कृषक/समूह/सहकारी/समिति/संघ/संस्था/कम्पनी/व्यापारी तर्फको प्रतियोगितामा कृषि विकास तर्फ जम्मा ५३ जना कृषक पुरस्कृत भएकोमा २०.८ प्रतिशत महिला कृषकहरु पुरस्कृत भएका थिए । यस प्रतियोगिताको पुरस्कार व्यवस्थापनका लागि .......... (पछाडिको पानामा)

## तालिकाः २२ समग्र प्रतियोगिता र लैङ्गिक विश्लेषण

| क्र.सं. | सिफारिश गर्ने निर्देशनालयहरु/कार्यालयहरु | प्राप्त पुरस्कारको लैङ्गिक विश्लेषण | | | कुल व्यवस्थित धनरासि रु. | महिलाको पक्षमा गएको धनरासि |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| | **कृषि विकास विभाग अन्तरगत** | | | | | |
| १. | कृषि प्रसार निर्देशनालय | ४ | १६ | २० | १,४०,०००/- | *,**,***, |
| २. | फलफूल विकास निर्देशनालय कृषक समूह | २ | २ | ४ | २८,०००/- | ***,**** |
| ३. | बाली विकास निर्देशनालय कृषक समूहरसहकारी | १ | ३ | ४ | २८,०००/- | **** |
| ४. | पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय उत्कृष्ट कृषक | २ | २ | ४ | २८,०००/- | **,**** |
| ५. | बाली संरक्षण निर्देशनालय उत्कृष्ट IPM समूह | १ | ३ | ४ | २८,०००/- | **** |
| ६. | व्यवसायिक कीट विकास निर्देशनालय | | २ | २ | २०,०००/- | |
| ७. | मत्स्य विकास निर्देशनालय र राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम | १ | ९ | १० | ७६,०००/- | ** |
| ८. | कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय | | ३ | ३ | ३०,०००/- | |
| ९. | राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड | | १ | १ | १०,०००/- | |
| १०. | बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | | १ | १ | १०,०००/- | |
| | कृषि विकास तर्फ लैङ्गिक विश्लेषण प्रतिशत प्रतिनिधित्व/धनरासि/प्रतिशत | ११ | | | | |
| २०.८ | ४२ | | | | | |
| ७९.२ | ५३ | | | | | |
| १०० | ३,९८,०००/- | ६४,०००/- | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६.०८ | | | | | | |
| | पशुसेवा विभाग अन्तरगत | | | | | |
| ११. | पशु उत्पादन निर्देशनालय | १ | ११ | १२ | ८४,०००/- | * |
| १२. | पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय | | ८ | ८ | ५६,०००/- | |
| १३. | राष्ट्रिय चरन तथा पशु आहार केन्द्र | | ४ | ४ | २८,०००/- | |
| १४. | उत्कृष्ट साना डेरी उद्योगरसहकारी संस्था | | ४ | ४ | २८,०००/- | |
| १५. | उत्कृष्ट ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | १ | ३ | ४ | २८,०००/- | *** |
| १६. | राष्ट्रिय स्तरमा पशुसेवा तर्फ उत्कृष्ट श्रृजनात्मक काम गर्ने कृषक र सहकारी संस्था वा अन्य संघ संस्था | | १ | १ | १०,०००/- | |
| | पशुसेवा तर्फ लैङ्गिक विश्लेषण प्रतिनिधित्वरधनरासि/प्रतिशत | २ | | | | |
| ६.१ | ३१ | | | | | |
| ९३.९ | ३३ | | | | | |
| १०० | २,३४,०००/- | १८,०००/- | | | | |
| ७.६९ | | | | | | |
| | जम्मा | १३ | ७३ | ८६ | ६,३२,०००/- | ८२,०००/- |
| | लैङ्गिक विश्लेषण प्रतिशत प्रतिनिधित्व/प्रतिशत धनरासि | १५.१ | ८४.९ | १०० | | १२.९७ |

*प्रथम (रु.१०,०००/-), **द्वितीय (रु.८,०००/-), ***तृतीय (रु.६,०००/-), ****सान्त्वना (रु.४,०००/-) *स्रोतः विश्व*

*स्रोतः खाद्य दिवस, २०७१, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग, हरिहरभवन ।*

व्यवस्थापनका लागि विनियोजित रु. ३,९८,०००/- को १६.०८ प्रतिशत अंश महिला कृषकहरुले प्राप्त गरेको देखिन्छ । त्यस्तै पशुसेवा तर्फको प्रतियोगितामा मात्र जम्मा ३३ जनाले पुरस्कार पाएका थिए र पुरस्कृत हुने

महिला ६.१ प्रतिशत मात्र थियो अर्थात २ जना महिलाले मात्र पुरस्कार पाएका थिए र प्रतियोगिताको पुरस्कार व्यवस्थापनका लागि विनियोजित रु. २,३४,०००/- को ७.६९ प्रतिशत अंश महिला कृषकहरुको पक्षमा परेको देखिन्छ । समग्र कृषि विकास र पशुसेवा तर्फको सहभागितामा ८६ जना कृषक/कृषक/समूह/सहकारी/समिति/संघ/संस्था/कम्पनी/व्यापारीको प्रतिनधित्व गर्दै ७३ (८४.९%) जना पुरुष कृषक र १३ (१५.१%) जना महिला कृषक पुरस्कृत भएका थिए । कूल व्यवस्थित बजेट ६,३२,०००/- र (१५.१%) रकम पुरस्कार स्वरुप महिला कृषक तर्फ गएको देखिन्छ ।

यसको अलावा महिला कृषक समूह/समितिहरुलाई मात्र लक्षित गरी कृषि प्रसार निर्देशनालय र पशु पंक्षीबजार प्रबर्द्धन निर्देशनालयको सिफारिशमा क्रमशः कृषि विकास र पशुसेवा तर्फ दुवै क्षेत्रको पाँचवटै विकास क्षेत्रवाट प्रतिनीधित्व रहने गरी १० जना महिला कृषकलाई पुरस्कृत गराउन रु १,००,०००/- व्यवस्थापन भएको (तालिका, २०) र ३४औं विश्व खाद्य दिवस, २०७१ को राष्ट्रिय पुरस्कार वितरण कार्यक्रमका लागि जम्मा रु. ७,३२,०००/- व्यवस्थापन भएको र कूल रकमको रु.१,८२,०००/- (२४.९%) महिला कृषकले पुरस्कार स्वरुप प्राप्त गरेको (तालिका २३) र चित्र ६ मा प्रस्तुत गरिएको छ ।

**तालिकाः२३ ३४औं विश्व खाद्य दिवसको उपलक्षमा राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत महिला कृषकवाट प्राप्त धनरासि**

| क्र.सं. | प्रतियोगिता | कूल बजेट | पुरस्कार स्वरुप प्राप्त रकम रु. | प्रतिशत |
|---|---|---|---|---|
| १ | महिला कृषक समूह/ समितिहरुलाई मात्र लक्षित प्रतियोगिताहरु | १,००,०००/- | १,००,०००/- | १०० |
| २ | समग्रकृषक/कृषक /समूह/सहकारी/समिति / संघरसंस्था/कम्पनी/व्यापारी तर्फको | ६,३२,०००/- | ८२,०००/- | १२.९७ |
| ३ | कूल रकम र प्राप्त प्रतिशत | ७,३२,०००/- | १,८२,०००/- | (२४.९) |

*स्रोतः विश्व खाद्य दिवस, २०७१, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि विभाग, हरिहरभवन ।*




चित्रः ६ विश्व खाद्य दिवस २०७१ मा कृषकहरुले प्राप्त गरेका पुरस्कारको लैङ्गिक विभेदी धनरासि प्रतिशत

पुरस्कार प्राप्त गर्ने महिला कृषक/कृषक समूह/सहकारीहरुको नाम र प्राप्त पुरस्कारहरुको किसिमको विवरण (अनुसूची ३) मा प्रस्तुत गरिएको छ र प्राप्त पुरस्कारको विश्लेक्षण गर्दा महिला तर्फ प्रथम पुरस्कार दुई वटा, द्वितीय तीनवटा, तृतीय चारवटा र सान्त्वना चारवटा गरी जम्मा १३ वटा पुरस्कार दिईएको देखिन्छ र तृतीय र सान्त्वना आठवटा देखिएको छ । महिला कृषकहरुको कृषि उत्पादनमा देखिएको संलग्नता र श्रम योगदानको यथार्थ रहँदा रहँदै पनि महिलाहरु  बढी मात्रामा प्रथम पुरस्कार ल्याउनवाट बञ्चित भएको देखिन्छ ।

महिला कृषकहरुलाई मात्र लक्षित गरी राखिएको प्रतियोगिता र महिला कृषकहरुलाई लक्षित गरी बढी योगदान पुर्याए वापत जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशुसेवा कार्यालयलाई सम्मान गरिएकोमा महिला कृषकहरुलाई कृषि विकासका कार्यक्रमको अभिन्न अंग मानी प्रोत्साहन गरिएको व्यवस्थालाई सकारात्मक मान्नु पर्दछ ।

## विश्लेषणात्मक निष्कर्ष

विकासमा महिलाको भूमिकालाई पूर्ण अंगिकार गरी आवधिक योजनाहरु, कृषि विकासका नीतिगत दस्तावेजहरुवाट महिलाको सकारात्मक सहभागिताको अभिबृद्धि गर्ने कार्यक्रमहरु तर्जुमा र कार्यान्वयनमा जोड दिए अनुरुप कृषि विकासका सम्पूर्ण कार्यक्रमहरुमा महिलाको सहभागितालाई प्रोत्साहन गर्नका

लागि नीति निर्माणका कार्यक्रमहरुमा मूल प्रवाहीकरणवाट महिलाहरुको संलग्नतालाई सुनिश्चितता गर्न संरचना भएको महिला कृषक विकास महाशाखावाट  स्थापना काल देखि नै महिला सहभागितालाई जोड दिंदै महिला कृषक विकास कार्यक्रमहरु जिल्लास्तरमा कार्यान्वयन हुँदै आएका थिए ।  कृषि उत्पादनका समग्र कार्यक्रमहरुमा लैङ्गिक मूल प्रवाहीकरण हुने अपेक्षा अनुसार विगतमा सञ्चालित महिला कृषक विकास कार्यक्रमहरुलाई छुट्टै कार्यक्रमको रुपमा नसोची कृषि उत्पादनका समग्र कार्यक्रमहरुलाई कृषकहरुको यथोचित सहभागिता गराउन लैङ्गिक मूल प्रवाहीकरणको अवधारणा अनुसार २०६१ मा लैङ्गिक समता तथा वातावरण महाशाखाको स्थापना भयो ।

संसदको घोषणा पत्रमा उल्लेख भएका सकारात्मक विभेदका प्रावधान, अन्तरिम संविधान, २०६३, तीन वर्षे अन्तरिम योजनाहरुले महिलाका आधार भूत अधिकार लगायत आदिवासी, जनजातिका साँस्कृतिक अधिकार सुरक्षित गरेका छन्, छुवाछुतलाई दण्डनीय अपराध घोषणा गरेका छन् र गरिव अपाङ्ग मुसलमान र मधेसीको अधिकार स्थापित गरे पश्चात् सम्पूर्ण विकासका कार्यक्रमहरुमा लैङ्गिक समता सँगसँगै सामाजिक र आर्थिक समावेशीकरणको अवधारणा विकास हुन पुग्यो ।

कृषि विकास मन्त्रालय र विनियोजित बजेटमा लैङ्गिक उत्तरदायी बजेटको प्रसंगकावारे उल्लेख गर्दा आ.व. २०७०/७१ कृषि विकासका कार्यक्रमहरुमा प्रत्यक्ष उत्तरदायी बजेट ५३.७ प्रतिशत र आ.व. २०७१/७२ मा ६६.६ प्रतिशत  देखिएको हुनाले कृषि विकासका कार्यक्रमहरु लैङ्किक सम्वेदनशील छन् भन्दा फरक नपर्ला । लैङ्गिक र सामाजिक समावेशीकरणका मुद्दाहरुलाई कृषि विकासका कार्यक्रमहरुमा मूल प्रवाहीकरण गरी लैङ्गिक सामाजिक र आर्थिक रुपमा पिछडिएका वर्गहरुको सहभागितालाई सुनिश्चित गरी उनीहरुको जिविकोपार्जनमा सहयोग मिलोस् भन्ने उद्देश्यले २०७० मा खाद्य सुरक्षा तथा वातावरण महाशाखा अन्तरगत लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना भएको हो । कृषि विकासमा लैङ्गिक सामाजिक समावेशीकरणका आधार सूचना तथा तथ्याङ्कहरु संकलन अभिलेखीकरण तथा

अद्यावधिक गर्ने कार्य अनुरुप आ.व. २०७०/७१ को लैङ्गिक समता तथा सामाजिक समावेशीकरण वार्षिक प्रगति पुस्तिका प्रकासन गरिएको हो ।

क्षेत्रीयस्तर प्रगति विवरणका आधारमा सबै क्षेत्रीय कृषि निर्देशनालयहरु/क्षेत्रीय पशुसेवा निर्देशनालयहरुवाट सो क्षेत्रभित्रका जिल्लाहरुवाट संचालित कार्यक्रमहरु र जिल्ला स्तरमा भएका प्रगतिहरुको लैङ्गिक विभेदी तथ्याँक एवं सामाजिक र आर्थिक समावेशीकरण सहित प्रगति विवरणहरु कृषि जन्य उत्पादनहरुको उत्पादनोपरान्त हुने क्षतिको लागि सुरक्षित भण्डारण प्रविधिहरु र प्रशोधित वस्तुहरु उत्पादन गर्ने प्रशोधन प्रविधिवारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वाट क्षेत्रीय प्रयोगशालाहरु मार्फत सालबसाली रुपमा प्रदान गरिने तालिम कार्यक्रमहरुमा सहभागी भई लाभान्वित हुने कृषकहरुको लैङ्गिक विभेदी तथ्याङ्कहरु यस प्रतिवेदनमा समावेश गरिएको छ । यसका साथै विश्व ३४औं खाद्यदिवस २०७१ मा सम्पन्न पुरस्कार वितरण समारोहमा भएको लैङ्गिक सहभागिताको विवरण पनि प्रतिवेदित गरिएको छ । नेपाल कृषि अनुसन्धान परिषदद्वारा कृषि र पशुजन्य बालीहरुमा गरिने अनुसन्धान मुलक कार्यक्रमहरु र परिषदको बाह्य सेवा कार्यक्रम अन्तरगत महिला र सिमान्त कृषकहरुलाई लक्षित गरी सञ्चालन भएका कार्यक्रमहरुको लैङ्गिक विभेदी विवरणहरु यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन ।

जिल्लास्तरमा सञ्चालित समग्र कृषि विकासका कार्यक्रमहरुमा आ.व. २०७०/७१ मा क्षेत्रगत संलग्नता विश्लेषण गर्दा ४५ प्रतिशत सहभागिता सुगम क्षेत्रवाट भएको पाइएको छ । दुर्गम क्षेत्रका कृषकहरुको संलग्नता न्यून अर्थात १७.९ प्रतिशत मात्र देखिएकोले कृषि विकासका कार्यक्रमहरुवाट दुर्गम क्षेत्रका कृषकहरु अझै बञ्चित भएका हुनाले त्यस क्षेत्रको पहुँच हुन नसकेको प्रष्ठ हुन्छ । अर्को तर्फ सुगम मध्यम र दुर्गम भनि गरिएको क्षेत्रगत वर्गीकरणमा कुनै ठोस आधार भेटिएको छैन । सम्पूर्ण जिल्ला कृषि विकास कार्यालयहरु मार्फत सञ्चालित कार्यक्रमहरुमा लाभान्वित कृषकहरुको लैङ्गिक विभेदी विश्लेषण अनुसार आ.व. २०७०/७१ मा ४९ प्रतिशत महिला कृषकहरु लाभान्वित भएका र ५१ प्रतिशत पुरुष कृषकको सहभागिता

देखिएको छ । यसै विश्लेषणलाई आ.व. २०६१/६२ को महिलाहरुको समग्र सहभागितासंग दाँज्दा ५.६ प्रतिशत बृद्धि भएको देखिन्छ । तसर्थ कृषि विकासका कार्यक्रमहरुमा महिला कृषकहरु लाभान्वित हुने क्रम बढेको र उनीहरुको पहुँचमा बृद्धि भएको यकीन गर्न सकिन्छ । आ.व. २०७०/७१ मा सञ्चालित कृषि विकासका कार्यक्रमहरुमा लैङ्गिक विभेदी विश्लेषणका साथसाथै सामाजिक र आर्थिक समावेशीकरणको अवधारणा अनुसार समावेशी सम्बन्धी उपलब्ध तथ्याङ्कहरुका आधारमा गरिएको सामाजिक समावेशीकरणको विश्लेषण अनुसार लाभान्वित हुने वर्गमा दलित, जनजाति र अन्य गरी तीन वर्गमा सामाजिक रुपमा पिछडिएका समुदायलाई समेटिएको छ। जिल्लास्तरमा सञ्चालित समग्र कृषि विकासका कार्यक्रमहरुमा सामाजिक रुपमा वर्गिकृत गर्न सकिए अनुसार दलित, जनजाति र अन्य वर्गको क्रमशः १०.२, ३५.३ र ५४.५ प्रतिशत सहभागिता देखिएको छ । त्यस्तै आर्थिक रुपमा पिछडिएका वर्गहरुलाई विपन्न र अन्य भनेर मात्र दुई वर्गमा छुट्टाइएको छ र ८०.२ प्रतिशत अन्य वर्गको सहभागिता देखिएको छ भने १९.८ विपन्न वर्गहरु लाभान्वित भएका छन् । आर्थिक रुपमा पिछडिएकाहरु जस्तै विपन्न र अन्य भनेर केका आधारमा वर्गीकरण गरिएको हो त्यो खुलेको छैन ।

पशुसेवा कार्यक्रमहरु अन्तरगत सबै निर्देशनालयहरुवाट आ.व. २०७०/७१ को लैङ्गिक एवं सामाजिक समावेशीकरण अनुसारको प्रगति विवरण प्राप्त हुन सकेन । प्राप्त विवरणहरु अनुसार क्षेत्रीय पशुसेवा निर्देशनालय, सुदुर पश्चिमाञ्चल क्षेत्रको जिल्ला स्थित पशुसेवा प्रसार कार्यक्रममा महिलाहरुको सहभागिता ५३.२ प्रतिशत रहेको देखिन्छ । त्यस्तै पश्चिमाञ्चल क्षेत्रमा जिल्ला स्थित पशुसेवा प्रसार कार्यक्रममा ४४.९८ प्रतिशत महिला कृषकहरु लाभान्वित भएको देखिन्छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका क्षेत्रीय प्रयोगशालाहरु मार्फत सञ्चालन हुने खाद्य प्रविधि प्रशोधन तालिम र खाद्य पोषण तालिममा महिलाहरुको कूल सहभागिता ७१.६ प्रतिशत देखिएको छ । प्राप्त विवरणहरुका आधारमा कृषि, पशुसेवा र खाद्य प्रविधिका कार्यक्रमहरु मध्ये सबैभन्दा बढी खाद्य प्रविधि सम्बन्धी तालिम कार्यक्रममा महिलाहरुको बढी सहभागिता ७१.६ प्रतिशत देखीयो । कृषि विकास मन्त्रालय अन्तरगत

सञ्चालित आयोजनहरुवाट पनि लैङ्गिक र सामाजिक समावेशीकरणलाई लक्षित गरी कार्यक्रमहरु सञ्चालन भएका छन् र आयोजनहरुमा आ.व. २०७०/७१को प्रगति विवरण अनुसार साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना (RISMFP) को कार्यक्रहरुमा अन्य आयोजनाहरुको तुलनामा प्रतिशतको आधारमा महिला कृषकहरु बढी लाभान्वित भएको देखिएको छ । यस आयोजनामा ५७.५ महिला कृषकहरु लाभान्वित भएका छन् ।तर संख्यात्मक आधारमा खाद्य संकट संबोधन आयोजना (FCRP) वाट सबै भन्दा बढी कृषकहरु ५४,१७९ (महिला २८,२४८) र (पुरुष २५,९३१) लाभान्वित भएका छन् । आयोजनाका कार्यक्रमहरुमा सामाजिक र आर्थिक समावेशीकरणलाई विश्लेषण गर्दा एकीकृत बाली उत्पादन तथा जल व्यवस्थापन आयोजना IWRMP वाट सबै भन्दा बढि दलित ४,७४० र खाद्य संकट संबोधन आयोजना (FCRP) सबै भन्दा बढि जनजाति (१७,८६६) लाभान्वित भएका छन् । त्यसैगरी आर्थिक समावेबीकरणलाई विश्लेषण गर्दा IWRMP वाट सबैभन्दा बढी विपन्न वर्ग (१०,११४) का कृषकहरु लाभान्वित भएका छन् ।

विश्व खाद्य दिवसमा कृषि विभाग र संयुक्त राष्ट्र संघीय खाद्य कृषि संगठनको संयुक्त आयोजनामा प्रत्येक वर्ष कृषकहरुलाई लक्षित गरी पुरस्कार वितरणको कार्यक्रम गरिने प्रथा भए अनुसार ३४ औं विश्व खाद्य दिवस २०७१ यस वर्ष पनि मनाइएको छ र समग्र कृषक/कृषक/समूह/सहकारी/समिति/संघ/संस्था/कम्पनी/व्यापारी तर्फको प्रतियोगितामा कृषि विकास तर्फ जम्मा ५३ जना कृषक पुरस्कृत भएका थिए र २०.८ प्रतिशत महिला कृषकहरु पुरस्कृत भएका थिए । यस प्रतियोगिताको पुरस्कार व्यवस्थापनका लागि विनियोजित रकमको १६.०८ प्रतिशत अंश महिला कृषकहरुले प्राप्त गरेको देखिन्छ । त्यस्तै पशुसेवा तर्फको प्रतियोगितामा जम्मा ३३ जनाले पुरस्कार पाएका थिए र पुरस्कृत हुने महिला ६.१ प्रतिशत मात्र थियो अर्थात २ जना महिलाले मात्र पुरस्कार पाएका थिए र प्रतियोगिताको पुरस्कार व्यवस्थापनका लागि विनियोजित रकमको ७.६९ प्रतिशत अंश महिला कृषकहरुको पक्षमा परेको

देखिन्छ । समग्र कृषि विकास र पशुसेवा तर्फको सहभागितामा ८६ जना कृषक/कृषक/समूह/सहकारी/समिति/संघ/संस्था/कम्पनी/व्यापारीको प्रतिनधित्व गर्दै ७३ (८४.९%)  जना पुरुष कृषक र १३ (१५.१%) जना महिला कृषक पुरस्कृत भएको थिए । कूल व्यवस्थित बजेट (१५.१%) रकम पुरस्कार स्वरुप महिला कृषक तर्फ गएको देखिन्छ। महिला कृषकहरु सम्मानित भई पुरस्कार प्रदान गरिने कार्यक्रमहरुलाई सह्राना गरिनु पर्दछ र महिला तर्फ प्रदान गरिने पुरस्कारको धनरासिमा पनि बृद्धि हुन जरुरी देखिन्छ किनभने समग्र कृषि विकास र पशुसेवा कार्यक्रमहरुमा महिलाहरुको सहभागिता बढी देखिएको कारण कृषि विकासमा श्रम र सहभागितामा महिलाहरू बढि देखिएका छन् तर राष्ट्रका नाममा गरिने प्रोत्साहन कार्यक्रममा महिलाहरु नै बढी प्रोत्साहित हुनु पर्ने लाग्दछ। यस प्रतिवेदनसंग सान्दर्भिक तर अभिलेखीकरणमा छुटेका विषयहरुलाई आगामी वर्ष वाट समेटिने छ।

**सन्दर्भ  सामाग्रीहरु**


आर्थिक वर्ष २०७०/७१ को व्यव अनुमानको विवरण (खरिद शीर्षकगत र स्रोतगत समेत) नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार, नेपाल २०७० ।

आर्थिक वर्ष २०७१/७२ को व्यव अनुमानको विवरण (खरिद शीर्षकगत र स्रोतगत समेत) नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरवार, नेपाल २०७१ ।

कृषि जैविक विविधता नीति, २०६३ (पहिलो शंसोधन, २०७१) कृषि विकास मन्त्रालय सिंहदरवार, काठमाडौं २०७१ ।

कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय (३४औं विश्व खाद्य दिवस २०७१ सम्बन्धी प्रगति विवरण) कृषि विभाग, हरिहर भवन, २०७१ ।

कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३  कृषि तथा सहकारी मन्त्रालय, सिंहदरवार काठमाडौं, २०६३ ।

राष्ट्रिय कृषि नीति, २०६१ कृषि तथा सहकारी मन्त्रालय सिंहदरवार काठमाडौं, २०६१ ।

लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरवार नेपाल ।

लैङ्गिक उत्तरदायी बजेट, नेपाल सरकार, अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा लैङ्गिक उत्तरदायी बजेट समिति २०६५ भाद्र ।

लैङ्गिक र सामाजिक समावेशीकरण सम्बन्धी क्षेत्रगत दृष्टिकोण (कृषि), एसियाली विकास बैंक, बेलायती विकास मन्त्रालय र विश्व बैंकको सह प्रकाशन, सन् २०१२ ।

वार्षिक पुस्तिका (आ.व. २०६१/६२) कृषि तथा सहकारी मन्त्रालय, लैङ्गिक समता तथा वातावरण महाशाखा सिंहदरवार काठमाडौं कार्तिक, २०६२ ।

विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन व्यवस्था र अनुगमन फाराम तथा निर्देशिका, राष्ट्रिय योजना आयोगको सचिवालय सिंहदरवार, काठमाडौं भाद्र, २०६६ ।

शासकीय सुधार कार्यक्रम अनुरुप कृषि तथा सहकारी मन्त्रालयको लैङ्गिक मूल प्रवाहीकरण रणनीति कृषि तथा सहकारी मन्त्रालय सिंहदरवार काठमाडौं, मंसिर, २०६३ ।

क्षेत्रीय कृषि निर्देशनालय पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७०/७१), पोखरा २०७१ ।

क्षेत्रीय कृषि निर्देशनालय पूर्वाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७०/७१) विराटनगर २०७१ ।

क्षेत्रीय कृषि निर्देशनालय मध्य पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७०/७१) सुर्खेत, २०७१ ।

क्षेत्रीय कृषि निर्देशनालय मध्यमाञ्चल क्षेत्र, हरिहर भवन प्रगति प्रतिवेदन (आ.व. २०७०र७१) हरिहरभवन, २०७१ ।

क्षेत्रीय कृषि निर्देशनालय सुदुर पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७०/७१) दिपायल, २०७१ ।

क्षेत्रीय पशुसेवा निर्देशनालय पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७०/७१) पोखरा, २०७१ ।

क्षेत्रीय पशुसेवा निर्देशनालय पूर्वाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७०/७१) विराटनगर, २०७१ ।

क्षेत्रीय पशुसेवा निर्देशनालय सुदुर पश्चिमाञ्चल क्षेत्र, प्रगति प्रतिवेदन (आ.व. २०७०/७१), दिपायल २०७१ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्रगति विवरण (आ.व. २०७०/७१) बबरमहल काठमाडौं २०७१।

बार्षिक प्रगति प्रतिवेदन (आ.व. २०६९/७०) नेपाल सरकार कृषि विकास मन्त्रालय, अनुगमन तथा मूल्याँकन महाशाखा, सिंहदरवार, काठमाडौं कार्तिक, २०७० ।

Agriculture Development Strategy (ADS) 2015, Ministry of Agricultural Development, Singh Durbar Kathmandu 2015.

Agriculture Perspective Plan (1995/96-2014/15). Summary Document. His Majestry's Government of National Planning Commission. Nepal, June 1995

Eighth Five Year Plan (1992-97) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.

Government of Nepal 2007. The Interim Constitution of Nepal, 2063(2007). http://www.lawcommission.gov.np

Ninth Five Year Plan (1998-2002) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.

Seventh Five Year Plan (1985-90) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.

Sixth Five Year Plan (1980-85) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.

Tenth Five Year Plan (2003-2007) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal May, 2003.

Three Year Interim Plan (2007-2010) National Planning Commission, Singh Durbar, Kathmandu, Nepal.

Three Year Plan Approach Paper (2010/11-2012/13), Government of Nepal, National Panning Commission Singh Durbar, Kathmandu, Nepal. August, 2010.

Updated Progress Review of Women Farmers Development Program. 2000. Ministry of Agriculture and Development, Women Farmer Development Division, Singh Durbar, Kathmandu, Nepal, July, 2000.

**अनुसूची १ लैङ्गिक तथा जातिय सहभागिता लाभान्वित कृषकहरुको विवरण क्षेत्रीय आ.व.२०७०/७१ बार्षिक विवरण**

| क्रसं | आयोजना / कार्यक्रमको नाम | लाभान्वित कृ. परिवार | लाभान्वित गा वि स/न पा | | | लाभान्वित कृषक संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुगम | मध्यम | दुर्गम | लैङ्गिक | | | सामाजिक | | | | आर्थिक | | |
| | | | | | | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | विपन्न | अन्य | जम्मा |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**अनुसूची २ कृषि विकास मन्त्रालय लैङ्गिक उत्तरदायी बजेट लैङ्गिक उत्तरदायी बजेट सङ्केत आ.व.२०७१/७२ तथा आ.व.२०७०/७१:**

रु. हजारमा ।

| क्र.सं. | कार्यक्रम आयोजनाहरु | आ.व. २०७१/७२ लैङ्गिक उत्तरदायी बजेट सङ्केत | | | आ.व. २०७०/७१ लैङ्गिक उत्तरदायी बजेट सङ्केत | | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्केत १ | सङ्केत २ | सङ्केत ३ | सङ्केत १ | सङ्केत २ | सङ्केत ३ |
| १ | कृषि विकास मन्त्रालय | | ३४२०४१ | | | २५६२०३ | |
| २ | कृषि विभाग | | ५३७०१ | | | ४५७९८ | |
| ३ | क्षेत्रीय कृषि निर्देशनालयहरु | | ७६९५६ | | | ७०६२९ | |
| ४ | पशु सेवा विभाग | | ३४०८९ | | | ४६९४१ | |
| ५ | क्षेत्रीय पशु सेवा निर्देशनालयहरु | | ३९८७१ | | | ४१०६६ | |
| ६ | नेपाल पशु चिकित्सा परिषद् | | ३९६२ | | | २५०० | |
| ७ | कपास विकास समिति | | २४७४६ | | | २५०००० | |
| ८ | चिया कफि तथा अलैचि विकास वोर्ड | | ६०२३० | | | ५०००० | |
| ९ | कृषि अनुसन्धान विकास कोष | | ५८१५२ | | | ६५७१० | |
| १० | दीर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रम | | १९९९४१ | | | २६५९५० | |
| ११ | विशेष कृषि उत्पादन कार्यक्रम | ५४८४०६६ | | | | ५९८८७९४ | |
| १२ | साना तथा मझोला कृषक आयस्तर आयोजना | ६०७६२९ | | | | ५६०७५४ | |
| १३ | कृषि विकास आयोजना जनकपुर | | ८२०३८ | | | १०९२९६ | |
| १४ | रेशम खेती विकास कार्यक्रम | | ९२४४१ | | | ९३५३३ | |
| १५ | वागवानी विकास कार्यक्रम | | २६२७४३ | | | ३४९१७८ | |
| १६ | आलु तरकारी तथा मसला विकास कार्यक्रम | ३९०४७५ | | | ३५०७६१ | | |
| १७ | वीउ प्रवद्धन तथा गुण नियन्त्रण कार्यक्रम | | २७८८७ | | | २९७५२ | |
| १८ | मत्स्य विकास कार्यक्रम | | २११९७१ | | | २९०४०३ | |
| १९ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | १३९२३१ | | | १४४४८४ | | |
| २० | वाली संरक्षण कार्यक्रम | | २१४८६२ | | २७४९६४ | | |
| २१ | ब्यबसायिक किट विकास कार्यक्रम | | ३४४९५३ | | ६७६४६ | | |
| २२ | वाली विकास कार्यक्रम | | २२६१९७ | | २०८७६४ | | |
| २३ | कृषि सुचना तथा संचार केन्द्र | | ५३७२८ | | ६०४७० | | |
| २४ | कृषि प्रसार तथा तालिम केन्द्र | १७७१५८ | | | | १९४०५४ | |
| २५ | समुदाय व्यवस्थित् सिचिंत कृषि क्षेत्र कार्यक्रम | ४०८४४ | | | | ४९०८ | |
| २६ | माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम | | ५६६४५ | | | १०८९१३ | |
| २७ | कृषि व्यवसाय सम्बर्द्धन तथा वजार विकास कार्यक्रम | २२१८३६ | | | ३८१८५९ | | |
| २८ | सहकारी खेती साना सिचाई तथा मल विउ ढुवानी कार्यक्रम | | ६३३५४८ | | | ६७८६३० | |

अनुसूची २ क्रमशः

| क्र.सं. | कार्यक्रम आयोजनाहरु | आ.व. २०७१/७२ लैङ्गिक उत्तरदायी बजेट सङ्केत | | | आ.व. २०७०/७१ लैङ्गिक उत्तरदायी बजेट सङ्केत | | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्केत १ | सङ्केत २ | सङ्केत ३ | सङ्केत १ | सङ्केत २ | सङ्केत ३ |
| २९ | व्यवसायिक कृषि तथा व्यापार आयोजना | २२६००२४ | | | १४५२०८३ | | |
| ३० | एकीकृत जलस्रोत व्यवस्थापन आयोजना (IWRMP) | | २०५७७८ | | ९२०८५ | | |
| ३१ | पशु स्वास्थ्य सेवा कार्यक्रम | ३०३८९० | | | ३५९११८४ | | |
| ३२ | पशु विकास सेवा कार्यक्रम | ४६०४५० | | | ४७६५०२ | | |
| ३३ | पशुपंक्षी वजार सम्बर्द्धन कार्यक्रम | १८७४७२ | | | १६१०८१ | | |
| ३४ | पशु विकास फार्महरु | १४४२३१ | | | २३०२२६ | | |
| ३५ | पशु सेवा तालिम केन्द्रहरु | ५८६७४ | | | ७८७८९ | | |
| ३६ | बर्ड फ्लु नियन्त्रण आयोजना | | | ९५५५१ | | | ८०००० |
| ३७ | कृषि अनुसन्धान कार्यक्रम | | १७१९२३५ | | | १७५०००० | |
| ३८ | राष्टिय दुग्ध विकास वोर्ड | | ६८१०० | | | ३७९२५ | |
| ३९ | खाद्य संकट संबोधन कार्यक्रम | ८४३०० | | | १९९०५० | | |
| ४० | दिगो भूव्यवस्थापन आयोजना | | ६०१२० | | | ११०५८३ | |
| ४१ | चिनी तथा उखु समिति | | ४२०० | | ६००० | | |
| ४२ | उच्च मुल्य कृषि वस्तु विकास आयोजना | | ३८१६७६ | | ३७३७८७ | | |
| ४३ | उच्च पहाड कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार आयोजना | ७७६७४१ | | | ५०१५६४ | | |
| ४४ | रानी जमरा कुलरिया सिचाई आयोजना कृषि कार्यक्रम | | ११६९घ४ | | ५५४२५ | | |
| ४५ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | | १६६७७३ | | ७९३३९ | | |
| ४६ | कृषि तथा खाद्य सुरक्षा आयोजना | | १२०१३८० | | ४१४४११ | | |
| ४७ | किसानका लागि उन्नत विउ कार्यक्रम | | ४७१२१२ | | ३३९२७२ | | |
| ४८ | पहाडी मकै वाली अनुसन्धान कार्यक्रम | | ९२०९४ | | ६९३०० | | |
| ४९ | नेपाल व्यापार एकीकृत रणनीति कृषि कार्यक्रम | | ४७४३२ | | ६३८४३ | | |
| ५० | कर्णाली अंचल कृषि विकास आयोजना | ५०००० | | | ४०००० | | |
| ५१ | कृषि प्रसार कार्यक्रम | २२३४८३० | | | १४४७७०० | | |
| ५२ | पशु सेवा प्रसार कार्यक्रम | १८९१३१७ | | | १२७३५०७ | | |
| ५३ | घर बगैचा कार्यक्रम | | ३८८२३ | | | | |
| ५४ | नेपाल जुनोशिस नियन्त्रण आयोजना | | | | ७३३६३७ | | |
| ५५ | सामुदायिक विकास आयोजना | | | | ८८४२० | | |
| ५६ | पहाडी कबुलियति विकास आयोजना पशु विकास | | | | ३४०११ | | |
| | जम्मा | १५५१३१६८ | ७६७४४५९ | ९५५५१ | १३२९०१६४ | ११४०१५२० | ८०००० |

## अनुसूची ३: ३४औं विश्व खाद्य दिवसको उपलक्षमा राष्ट्रिय स्तरको प्रतियोगितामा पुरस्कृत महिला कृषकरकृषक समूहहरु

| क्र.सं. | सिफारिश गर्ने निर्देशनालयहरुरकार्यालयहरु | विवरण | पुरस्कार प्राप्त गर्नेको नामावली | जिल्ला | पुरस्कार |
|---|---|---|---|---|---|
| १. | कृषि प्रसार निर्देशनालय (प्रतियोगिता(उत्कृष्ट बाली उत्पादन) | रामपुर कम्पोजिट मकै उत्पादक | राधा धमला | धादिङ्ग | प्रथम |
| | | | राममाया श्रेष्ठ | धादिङ्ग | द्वितीय |
| | | | विमला बस्यौला | धादिङ्ग | तृतीय |
| | | राधा(४ धान उत्पादक | देबी पौडेल | बर्दिया | तृतीय |
| २. | फलफूल विकास निर्देशनालय (प्रतियोगिता उत्कृष्ट फलफूल बगैंचा व्यवस्थापन) | केरा बगैंचा व्यवस्थापन | छवी थापा मगर | वारा | तृतीय |
| | | स्याउ बगैंचा व्यवस्थापन | भुजुङ्ग गुरुङ्ग | मनाङ्ग | सान्त्वना |
| ३. | बाली विकास निर्देशनालय (प्रतियोगिता(उत्कृष्ट बीउ उत्पादन) | उत्कृष्ट बीउ उत्पादक (बाली) | चन्द्रा देबी धामी | बजाङ्ग | सान्त्वना |
| ४. | पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय (प्रतियोगिता(उत्कृष्ट अन्न भण्डारण) | | रमना घिमिरे | स्याङ्जा | द्वितीय |
| | | | लक्ष्मी गुरुङ्ग | डडेलधुरा | सान्त्वना |
| ५. | बाली संरक्षण निर्देशनालय प्रतियोगिता (उत्कृष्ट IPM कृषक पाठशालारसमूह) | | मिता पटि | बर्दिया | सान्त्वना |
| ६. | मत्स्य विकास निर्देशनालय र राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम प्रतियोगिता (उत्कृष्ट ट्राउट माछा उत्पादन) | उत्कृष्ट ट्राउट माछा उत्पादक | छिरिङ्ग साङ्मो तामाङ्ग | रसुवा | द्वितीय |
| ७. | पशु उत्पादन निर्देशनालय प्रतियोगिता (उत्कृष्ट राँगो पालक कृषक) | उत्कृष्ट राँगो पालक | | रोल्पा | प्रथम |
| ८. | उत्कृष्ट ग्रामिण पशु स्वास्थ्य कर्ता | | कस्तुरी ऐरी | डडेलधुरा | तृतीय |
| | जम्मा पुरस्कृत महिला कृषकहरु | १३ जवान (प्रथम पुरस्कार २ जना, द्वितीय पुरस्कार३ जना तृतीय पुरस्कार४ जना र सान्त्वना पुरस्कार ४ जना) | | | |

प्रकाशकः
कृषि विकास मन्त्रालय
खाद्य सुरक्षा तथा वातावरण महाशाखा
लैङ्गिक समता तथा सामाजिक समावेशीकरण शाखा
सिंहदरवार, काठमाडौं
फोनः ४२११९४०
Website: www.moad.gov.np

**Printed at: Brindawati Chhapakhana, Ph.: 9841331541**